साप्ताहिक

नयाँवर्ष २०८३ को शुभकामना ।

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ४० | २०८३ वैशाख २२ गते | मंगलबार | *(May 5, 2026)* | मूल्य रू. १०/-

## विशेषदूतको अपरमुस्ताङ मिसन



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत सर्जियो गोर नेपाल आए, अर्थ र परराष्ट्रमन्त्री र सत्तारूढ रास्वपाका सभापति रवि लामिछानेसँग भेट गरेर फर्किएका छन् । यसअघि आएका सहायक विदेशमन्त्रीले पनि यिनैलाई भेट गरेर फर्किएका थिए । प्रम बालेन्द्र साहले भेटवार्ता गर्न आवश्यक ठानेनन् । भन्नलाई अहिले भारतका विदेश सचिव प्रम बालेन्द्र साहसँग भेट नहुने भएपनि नेपाल भ्रमण स्थगित गरेको चर्चा छ ।

बालेन्द्र सरकारलाई असफल पार्न खोज्नेहरू प्रधानमन्त्रीले अमेरिका र भारतसँग दूरी बढाएको भनेका छन् । अमेरिका युरेनियम उत्खनन मिसन लिएर आएको र अपर मुस्ताङ पुगेर ड्रोन उडाएर फर्केको प्रचार गरेका छन् । यसैवीच प्रम बालेन्द्र साहले एकवर्ष विदेश भ्रमण नगर्ने जानकारी जारी गरेका छन् ।

# सरकार राष्ट्रपति भिडन्त

काठमाडौं । सुकुम्वासीको मुद्दा पाएका प्रतिपक्षीले रास्वपा र बालेन्द्र साहको सरकार निरंकूश हुनथालेको भनेर सडक तताउन थालेका छन् ।

प्रम बालेन्द्र साहले काम गर्न आएको, काम गर्छु भन्दा पनि जनादेश र मतादेशको बिरूद्ध प्रतिपक्षीले डेढमहिनामै सरकारलाई घेर्न थालेका छन् । प्रतिपक्षीले राष्ट्रपति र सरकार प्रमुखवीच विष घोल्नकै लागि संवैधानिक परिषद सम्बन्धी विधेयक फिर्ता पठाउन लगाएका छन् । झण्डै दुई तिहाइको जनबल भएको पार्टी र सरकारलाई काम गर्न अल्झो थाप्नु भनेको राजनीतिक द्वन्द्व बढाउन डढेलो सल्काउनु हो भन्ने ठहर विज्ञ विशेषज्ञहरूको रहेको छ ।

राष्ट्रपति र प्रतिपक्षीले समेत सरकारलाई जनादेशअनुसार काम गर्न समय दिनुपर्नेमा त्यसो गरेनन् । यसअघि नै दुईपल्ट सरकारले पठाएको र राष्ट्रपतिले फिर्ता गरेको बहानामा यसपल्ट पनि संवैधानिक परिषदसम्बन्धी विधेयक ((काम, कर्तव्य, अधिकार र कार्यविधि) पहिलो संशोधन अध्यादेश २०८३ फिर्ता गरेर सरकारसँग राष्ट्रपतिले प्रतिपक्षीको साथ झगडा गर्ने संकेत दिएका छन् । संविधानविदहरूले समेत प्रधानमन्त्रीसँग वार्ता गर्न र सरकारले हठ देखाए मार्ग प्रशस्त गर्न सुझाव दिंदादिंदै प्रतिपक्षीले उचालेको भरमा राष्ट्रपतिले राजनीतिक अराजकता र अस्थिरता निम्त्याउँदै बालेन्द्र सरकारलाई सुशासन स्थापित गर्ने काममा बाधक बनेका छन् ।

यदि जनअपेक्षा र राष्ट्रिय आवश्यकताअनुसार काम गरे, निरंकूश हुनखोजे जनताले नै दण्डित गर्नेछन् भन्नेसम्म हेक्का प्रतिपक्षी र राष्ट्रपतिले राखेनन् । राजनीतिक बृत्तमा जसरी पनि रास्वपा र प्रम बालेन्द्रलाई असहयोग गर्ने र असफल पार्न देशव्यापी रूपमा प्रतिपक्षी सलबलाएका छन् ।

सरकारले काम गर्न रोकेको भनिसकेको छ । निश्चित रूपमा राष्ट्रपति र सरकारवीच तिक्तता अनुभूति हुनथालिसकेको छ ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार 'संविधान र लोकतन्त्रको भावना र मर्मको रक्षा गर्न र बहुमतीय प्रणालीलाई जीवन्त दिन राष्ट्रपतिज्यूले पुनर्विचारका लागि पठाउनुभएको हो' । सरकारले उक्त अध्यादेशलाई यथास्थितिमा राख्ने, परिमार्जन गर्ने वा संसद्को नियमित प्रक्रियाबाट अघि बढाउने निर्णय लिनेछ । यो विषयलाई सरकारले कसरी लिन्छ भन्नेमा राजनीतिक र कूटनीतिक बृत्तमा समेत चासो बढेको छ । राष्ट्रपति र प्रधानमन्तीवीचको सम्बन्ध चिस्सिएको अनुभूति हुनथालिसकेको छ । यसअघि नै राष्ट्रपतिमाथि महाभियोग लगाउनेसम्मका चर्चा रास्वपाभित्रैबाट चुहिएको थियो । सरकारले आफूअनुकूल कानुन बनाएर काम गर्न खोज्दा पनि विपक्षी दलहरूको लहैलहैमा लागेर र जनादेशको खिलापमा राष्ट्रपति बाधक बनेको रास्वपा सरकारको निष्कर्ष देखिन्छ । राष्ट्रपतिको अध्यादेश फिर्ताको जवाफलाई बालेन्द्र सरकारले नकारात्मक रूपमा लिएको छ ।

कानुन मन्त्रीले अध्यादेशबारे प्रष्ट पारिसकेको स्थिति छ । स्वयम् प्रम बालेन्द्र साहले सामाजिक सञ्जालबाट आफूलाई प्रष्ट पारिसकेका छन् । रास्वपाका सांसद तथा कानुनविदहरू अध्यादेश फिर्ता गर्ने अधिकार राष्ट्रपतिलाई हुँदै नभएको जिकिर गरिरहेकै छैन । राष्ट्रपतिले निर्णय गर्दा संविधान र लोकतन्त्रको भावना तथा मर्मको रक्षामा ध्यान नदिएको भनेका छन् । मर्यादा नाघेका राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिसमा मात्र काम गर्नुपर्ने र अध्यादेशमा त्यसो नगरेको भनेका छन् ।

संविधानले राष्ट्रपतिको भूमिका आलंकारिक रहेको छ । तर राष्ट्रपति रामचन्द्र पौडेलले कांग्रेसी राजनीति गरेको धेरैले विश्लेषण गरेका छन् ।

रास्वपामाथि जनताले अपार विश्वास देखाएर मतादेश दिएका हुन् । देशमा भ्रष्टाचार र बेथितिको अन्त्यका लागि बालेन्द्र सरकार बनेको हो । यो भावना राष्ट्रपतिले नबुझेको धेरैको भनाइ छ ।



Balen
Just now

पशुपतिनाथको कसम खाएर भन्छु, यो कुर्सीमा म भ्रष्टाचारीको रक्षा गर्न वा कसैको चाकडी गर्न बसेको होइन।

भ्रष्टाचारीहरूले जनताको पसिनाको कमाईमाथि रजाइँ गरेको दुलुटुलु हेरेर बस्न म जन्मिँदै जन्मेको थिइनँ। मलाई न कसैको पावरको डर छ, न कुनै दल वा पहुँचवालाको दवाबले मलाई गलाउन सख्छ। जतिसुकै शक्तिशाली किन नहोस्, कानुनको फन्दामा ऊ नपरी अब यो देशमा कसैले उन्मुक्ति पाउँदैन। मेरो लागि कानुन समान छ—भ्रष्टाचारीको लागि अब जेलबाहेक अरू कुनै विकल्प छैन।

उल्टै राष्ट्रपतिको भावना सरकारले बुझ्नुपर्ने विषय उठान गरेको देखिन्छ । सरकारले संवैधानिक परिषदमा उपस्थित सदस्यको बहुमत अर्थात् तीन जनाबाटै निर्णय गर्न सकिने व्यवस्था गर्न खोजेको हो । राष्ट्रपतिले सरकारलाई पत्याएनन् ।

## शासकीय सुधारका सय कार्यसूची

शासकीय सुधारका एकसय कार्यसूची जारी गरेपछि ८ अध्यादेश राष्ट्रपति समक्ष पठाएकोमा राष्ट्रपतिले संवैधानिक परिषदसम्बन्धी अध्यादेश फिर्ता गरिदिएका छन् । बालेन्द्र सरकारले उठाएका पाँच विषय १. सन्तुलित र गतिशील कूटनीति ।, २. त्रिदेशीय कनेक्टिभिटी ।, ३. सैन्य गठजोडमा नलाग्ने ।, ४. जलवायु परिवर्तन र पर्वतीय मुद्दा र भूपरिवेष्ठित देशको साझा हितका लागि अन्तर्राष्ट्रिय मञ्चमा उभिने र ५. आर्थिक कूटनीतिसँगै सफ्ट पावरमा काम गर्ने । यी बाहेक नेपाल प्रथम नेपाली प्रथम । श्रम मुलुकसँग सम्बन्ध । नेपाली नियोगको पर्फर्मेन्स अडिट गर्ने । यी सबै काम गर्न शासकीय सुधार गर्न जरूरी छ । कानुनी राज्य स्थापना गर्न, भ्रष्टमाथि कारवाही गर्न र योग्य व्यक्तिलाई सही ठाउँमा नियुक्त गर्न पनि राष्ट्रपतिले प्रतिपक्षीको सुझावमा धराप थापिदिएका छन् ।

रास्वपा र सरकारका कार्यसूची र प्रधानमन्त्रीका विधिव्यवहार भारत, चीन, अमेरिका सबैतिर आश्चर्यका रूपमा बहस भइरहेको छ । प्रम बालेन्द्र र मन्त्रीहरूले बदलिँदो वैश्विक व्यवस्थाको हाराहारीमा नेपाल उभ्याउन खोजेको देखिन्छ । दुई महिना नपुग्दै जेन-जी विद्रोहको जगमा उभिएको सरकारले आन्तरिक स्वाभिमान, आत्मनिर्भर, सार्वभौम खालको र बाह्य रूपमा स्वराजको सन्देश दिएको छ ।

## जो जहाँ नियुक्त होलान्, कस्ता होलान् ?




यसअघि राजनीतिक नियुक्त पाएका झण्डै १६ सय पदहरू रिक्त भएका छन् । सबैको नजर बालेन्द्र सरकारले कस्ता कस्ता व्यक्तिलाई नियुक्ति गर्ला भन्नेमा देखिन्छ । कतै पनि नेपोटिजम हुनेछैन, राइट म्यान राइट प्लेस हुनेछ, योग्यताको कदर गरेर सुशासनको झल्का देखाइने छ भन्छन् रास्वपाका नेताहरू । सरकारले राजदूतबारे होमवर्क गरिरहेको छ । 'सन्तुलित र गतिशिल कूटनीति' र नेपाल प्रथम प्राथमिकता हो ।

चुनावका बेलामा नागरिकसँग गरेको करारपत्र र बाचापत्रमा तलमाथि नहुने भनेर सरकारले दह्रो खुट्टा टेकेको बताइन्छ । सवा महिनामै बालेन्द्र सरकारले जुन सकृयता देखाएको छ, शासकीय सुधार गर्दै सेवाग्राहीलाई सेवा दिन सरकारलाई फुर्सद नै नभएको कार्यशैलीले देखाएको छ । बालेन्द्र सरकारले भ्रष्टाचार गर्छ, इतिहास मेट्छ भनेर आमनागरिक कसैलाई पनि पत्यार लागेको छैन । यसकारण सरकारप्रति अपार जनविश्वास रहेको देखिन्छ । सरकारबाट जो जुनसुकै पदमा नियुक्त होला, नीति राम्रोसँग बुझेको, कूटनीति क्षेत्रमा नियुक्त हुनेहरूले विदेशीलाई बुझाउन सक्ने, देशभक्त ईमान्दार प्राज्ञ, र बफादार बुद्धिजीवीलाई छनौट गर्नुपर्नेछ । नियुक्तीमा निष्पक्ष ढंगको पद्धति बनाई नियुक्त गर्दा देशको भलो हुनेछ । जस्ले म राजदुत हूँ, मेरो काम, कर्तब्य र जिम्बेवारी के हुन् ? भनेर राम्रोसित बुझेको छ त्यस्तो ब्यक्ती राजदुत हुनुपर्छ । कुनै पनि पदको गरिमा बुझेका व्यक्ति नियुक्त हुनुपर्छ

## स्यावास बालेन

सांसद महावीर पुनले सरकारको बारेमा भनेका छन्- 'स्यावास बालेन ।'



काम गर्नुपर्छ, अध्यादेश ल्याएरै भए पनि काम गर्नैपर्छ । कुविद्वानहरूले किचकिच नगरौं, मैले धेरैं वर्षदेखि जनतालाई फाइदा हुने कामहरू गर्न खोज्दा कानुन छैन भनेर अल्झो लगाए, म धेरै दुःख पाएको भुक्तभोगी हुँ । जेनजी बिद्रोहपछि म शिक्षा मन्त्री हुँदा गर्न खोजेका कामहरू ऐन कानुन नभएको भनेर कर्मचारीले गर्नै दिएनन् । अनि म चुनावमा लडेर सांसद भएको हुँ ।

**विज्ञापन सम्बन्धी विभेदकारी निर्णय खारेज गर ।**

**प्रेस स्वतन्त्रता कायम गर ।**

## नेपाल बफर स्टेट होइन

## यसलाई प्रमाणित गर्न रणनीति आवश्यक छ

**- गालब बहादुर ढुंगाना -**






हालै grabNEWS मा प्रसारित "Nepal Is Not a Buffer State" कार्यक्रममा भुषण दाहालले उठाएको बहसले नेपाली चेतनामा आएको गहिरो परिवर्तनलाई उजागर गर्छ । दशकौंदेखि नेपाललाई ठूला शक्तिहरूबीचको निष्क्रिय भौगोलिक 'कुशन' का रूपमा प्रस्तुत गरिँदै आएको छ । तर यस्तो दृष्टिकोण तटस्थ होइन । यसले ऐतिहासिक रूपमा कसले वार्ता गर्छ, कसलाई सुन्छ, र कसको सार्वभौमिक दाबीलाई गम्भीरतापूर्वक लिइन्छ भन्ने निर्धारण गर्दै आएको छ । लिपुलेक, कालापानी र लिम्पियाधुरा सम्बन्धी विवाद यस यथार्थको सबैभन्दा स्पष्ट उदाहरण हो ।

यो थोपरिएको पहिचानबाट मुक्त हुन नेपालले भूगोलमा आधारित होइन, बरू सार्वभौम आत्मनिर्णयमा आधारित रणनीतिक मार्गचित्र निर्माण गर्नुपर्छ । यस्तो मार्गचित्र दुई परस्परपूरक स्तम्भमा आधारित हुनुपर्छ–नेपाललाई शान्ति क्षेत्रका रूपमा औपचारिक मान्यता दिलाउने र देशलाई हरित आर्थिक क्षेत्रका रूपमा घोषणा गर्ने । यी दुई स्तम्भहरूले नेपाललाई अरूका लागि मात्र मार्ग नभई आफ्नै पहिचान र उद्देश्य भएको सार्वभौम केन्द्रका रूपमा स्थापित गर्छन् ।

नेपालको पश्चिमी सीमासम्बन्धी दाबी ऐतिहासिक र कानुनी आधारमा स्पष्ट छ । सुगौली सन्धिले काली (महाकाली) नदीलाई सीमा तोकेको छ, जसको पूर्वतर्फको सम्पूर्ण भूभाग नेपालकै हो । सन् १८१९ देखि १८२० को दशकको अन्त्यसम्म गरिएका प्रारम्भिक बेलायती सर्वेक्षणहरूले, जसले सन्धिको व्याख्यालाई नक्सामा उतार्ने पहिलो प्रयास गरेका थिए, लिम्पियाधुरालाई काली नदीको स्रोतका रूपमा देखाएका छन् । यसले लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको भूभागभित्र पर्ने पुष्टि गर्छ ।

तर समयसँगै नक्सागत व्याख्यामा परिवर्तन आयो । पछि बनाइएका नक्साहरूले नदीको स्रोत पूर्वतर्फ सार्दै लगे, जसले आजको विवादको आधार तयार गर्यो । कुनै औपचारिक सन्धिबाट नभई यस्ता क्रमिक व्याख्यात्मक परिवर्तनबाट सीमाको अस्पष्टता बढ्दै गयो ।

पछिल्ला अन्तर्राष्ट्रिय सम्झौताहरूले पनि यो विषय टुङ्ग्याउन सकेनन् । सन् १९५४ को भारत-चीन सम्झौताले, जसमा जवाहरलाल नेहरू र झोउ एनलाई सहभागी थिए, लिपुलेकलाई व्यापार र धार्मिक यात्राका लागि प्रयोग हुने मार्गका रूपमा मात्र चिनायो । यसले सार्वभौमिकताको प्रश्नमा कुनै निर्णय गरेन, र नेपाल त्यस प्रक्रियामा सहभागी पनि थिएन । त्यसैगरी, राजा महेन्द्र र बी.पी. कोइरालाको नेतृत्वमा सन् १९६० र १९६१ मा चीनसँग भएका सीमासम्बन्धी सम्झौताहरूले उत्तरी सिमाना स्पष्ट गरे, तर लिपुलेकको प्रश्नलाई यथावत् छोडे ।

यसैबीच, सन् १९६२ को भारत-चीन युद्धपछि भारतले कालापानी क्षेत्रमा सैन्य उपस्थिति कायम राख्यो, जुन आजसम्म निरन्तर छ । यही वास्तविक नियन्त्रणले कानुनी दाबी र भू-राजनीतिक शक्ति बीचको अन्तरलाई अझ स्पष्ट बनाएको छ । नेपालले भने २०२० जुन १८ मा संविधान संशोधनमार्फत आफ्नो नक्सा अद्यावधिक गर्दै यी क्षेत्रहरूलाई राष्ट्रिय प्रतीकमा समावेश गरेर आफ्नो अडान पुनः स्थापित गर्यो । यस सन्दर्भमा नेपालले आफूलाई पुनः परिभाषित गर्न आवश्यक छ । यदि नेपाल 'बफर स्टेट' होइन भने, त्यसलाई रणनीतिमार्फत प्रमाणित गर्नुपर्छ । त्यो रणनीति दुई स्तम्भमा आधारित छ ।

पहिलो स्तम्भ हो–राजा वीरेन्द्रले सन् १९७५ फेब्रुअरी २४ मा अघि सारेको शान्ति क्षेत्रको अवधारणालाई पुनर्जीवित गर्नु । यो केवल कूटनीतिक प्रस्ताव मात्र थिएन, बरू नेपाललाई क्षेत्रीय प्रतिस्पर्धाबाट जोगाउने दूरदर्शी प्रयास थियो । यसले नेपाललाई तटस्थ राष्ट्रका रूपमा स्थापित गर्ने र बाह्य हस्तक्षेप तथा दबाबबाट जोगाउने लक्ष्य राख्यो ।

यो प्रस्तावलाई ११६ भन्दा बढी देशहरूले समर्थन गरेका थिए, जुन त्यस समयको अन्तर्राष्ट्रिय समुदायको स्पष्ट बहुमत थियो । तर निर्णायक तहमा यो पहल सफल हुन सकेन । भारतले समर्थन गरेन, र सोभियत संघले पनि आफ्नो रणनीतिक प्राथमिकताका कारण समर्थन कायम राखेन ।

आज शान्ति क्षेत्रको अवधारणालाई पुनः अघि सार्नु अतीतप्रतिको आकर्षण होइन, बरू भविष्य सुरक्षित गर्ने एक रणनीतिक पुनर्संरचना हो । यो नेपालका लागि बाह्य हस्तक्षेप र दबाबविरूद्धको आफ्नै **"आइरन डोम"** हो । यसले नेपाललाई आफ्ना सच्चा साझेदार को हुन् र किन केही शक्तिहरू यस्तो आधारभूत सार्वभौमिक आकांक्षालाई समर्थन गर्न हिच्किचाउँछन् भन्ने बुझ्ने स्पष्टता दिन्छ । वर्तमान सन्दर्भमा यस अवधारणाको पुनः समर्थनले नेपालको भू-राजनीतिक स्थिति सुदृढ पार्दै आर्थिक स्वतन्त्रता सुनिश्चितमा अघि बढ्ने आधार तयार गर्छ ।

दोस्रो स्तम्भ हो–नेपाललाई हरित आर्थिक क्षेत्रका रूपमा घोषणा गर्नु । यसले वैदेशिक रोजगारीमा आधारित अर्थतन्त्रबाट घरेलु मूल्य सिर्जनातर्फको रूपान्तरण सुनिश्चित गर्छ । नेपालको सबैभन्दा ठूलो शक्ति यसको नवीकरणीय ऊर्जा हो, जसले यसलाई विश्वव्यापी रूपमा स्वच्छ औद्योगिक उत्पादनको केन्द्र बन्ने अवसर दिन्छ ।

हरित आर्थिक क्षेत्रको अवधारणाले हरित हाइड्रोजन, अमोनिया र युरिया जस्ता ऊर्जा-आधारित उद्योगहरूलाई प्राथमिकता दिन्छ । कच्चा विद्युत् सस्तोमा निर्यात गर्ने सट्टा नेपालले त्यसलाई उच्च मूल्यका उत्पादनमा रूपान्तरण गर्न सक्छ । यसले डिकार्बोनाइज्ड आपूर्ति श्रृंखलामा लगानी आकर्षित गर्नुका साथै आयातमा निर्भरता घटाउन मद्दत गर्छ, विशेष गरी पेट्रोलियम पदार्थमा ।

नेपाल अहिले एउटा निर्णायक मोडमा उभिएको छ । प्रश्न अब यो होइन कि यो ठूला शक्तिहरूबीच कहाँ अवस्थित छ, बरू यो हो कि यसलाई अझै अरूले कसरी परिभाषित गरिरहनेछन् । यसको उत्तर रणनीतिभन्दा पनि एकतामा निर्भर छ । शान्ति क्षेत्र र हरित आर्थिक क्षेत्र दुवै तबसम्म स्थायी बन्न सक्दैनन् जबसम्म ती नीतिहरूलाई सबै दलको दृढ सहमतिले निर्वाचन चक्रभन्दा माथि उठाएर राष्ट्रिय इच्छाशक्तिको बाध्यकारी अभिव्यक्तिका रूपमा स्थापित गरिँदैन । यो केवल राजनीतिक प्रतीकवाद होइन । यही राज्यको विश्वसनीयताको आधार हो, यही दीर्घकालीन अन्तर्राष्ट्रिय पूँजी आकर्षित गर्ने संकेत हो, र यही नेपाललाई सशक्त वार्ताको अवस्थामा उभ्याउने शर्त हो ।

शान्ति क्षेत्रले सुरक्षा दिन्छ । हरित आर्थिक क्षेत्रले शक्ति दिन्छ । यी दुई मिलेर २१औं शताब्दीको सार्वभौमिकताको संरचना निर्माण गर्छन् । यदि नेपालले यी स्तम्भहरूलाई एकीकृत राजनीतिक प्रतिबद्धतासहित संस्थागत गर्न सक्छ भने, यो अरूको प्रभाव प्रक्षेपण हुने स्थान रहनेछैन, बरू आफैं नियम निर्धारण गर्ने राज्य बन्नेछ । यदि त्यसो हुन सकेन भने, 'बफर' को कथा यथार्थका कारण होइन, अरूका लागि उपयोगी भएकै कारण ज्यूँका त्यूँ रहनेछ ।

नेपाल कुनै बफर स्टेट होइन । तर सार्वभौमिकता यदि सामूहिक र निरन्तर रूपमा स्थापित गरिएन भने, अन्ततः अरूले नै यसको व्याख्या गर्छन् । त्यसलाई परिभाषित गर्ने समय अब आएको छ–निर्णायक रूपमा र एकसाथ ।



# वीरताका बारेमा गोविन्दराज ओझा

पुर्खाले साना दु:खले आर्ज्याको मुलुक होइन यो । तर बहुदल र लोकतन्त्र कालखण्डमा नेपालको वीरता खुम्च्याउने धेरै प्रकरणहरू देखिए । जो नेता देशको इज्जत बढाउने काममा लाग्नुपर्ने थियो, तिनीहरू देशको इज्जतको धज्जी उडाउनतिर लागे । जसले गर्दा नेपालको आवाज मत्थर हुँदै गएको छ ।

ओझा लेख्नुहुन्छ- १८१४ नोभेम्बर १ देखि औपचारिक रूपमा सुरू भएको नेपाल-अङ्गेज युद्ध महाकाली नदीदेखि पश्चिम सतलज नदीदेखि पूर्वका बीचका विभिन्न मोर्चामा भएको लडाइँमा नेपालीपक्ष विजयी सकेन, त्यस क्षेत्रका सेनापति अमरसिंह थापा शान्ति सम्झौता गर्न विवश हुनपुगे । फलस्वरूप १८१५ मे १५ का दिन अमरसिंह थापा र अंग्रेज पक्षका कमान्डर डेविड अक्टरलोनीका बीच एक शान्तिसंझौतामा हस्ताक्षर भयो । यो संझौताले काली नदीलाई सीमा नदी मानेको छ ।

नेपाल र अङ्गेजका बीच सतलज नदीदेखि टिस्टा नदीसम्मका ५-७ मो३र्चामा लडाइँ भए पनि कालीपूर्वका कुनै पनि मोर्चामा अङ्गेजले जित्न सकेको थिएन । त्यसैले १८१५ मे १५ को शान्ति संझौताकै आधारमा सीमा सन्धि हुनुपर्थ्यो , तर इस्ट इन्डिया कम्पनी सरकारले बदनियतपूर्वक १८१५ को डिसेम्बर २ मा आफ्नो तर्फबाट हस्ताक्षर गरी नेपाललाई १५ दिनभित्रमा सहीछाप गर्न दबाब दिँदै अर्को सन्धि पठायो , जसलाई सुगौली सन्धि भनिन्छ । यो सन्धिमा नेपालले नहारेका भूखण्डहरू कालीदेखि टिस्टा नदीसम्मको सम्पूर्ण तराई र मेची नदीपारिका दार्जीलिङ र सिक्किम नेपालले छाड्नुपर्ने भनिएको छ । १५ दिनभित्र सहीछाप नगरेपछि फेरि युद्ध गर्दै अंग्रेजी सेना मकवानपुर आइपुग्यो । फलस्वरूप नेपालले राजप्रतिनिधि भनिएका चन्द्रशेखर उपाध्याय र गजराज मिश्रमार्फत् सन्धिको प्रति बुझाइदियो र नेपाल मेचीदेखि महाकाली नदीमा सीमित भयो । ३३४२५० वर्ग किलोमिटरभन्दा बढी क्षेत्रमा फैलिएको नेपाल अंग्रेज पक्षबाट दुईपटक जमिन फिर्ता भएपछि १४७५१६ वर्ग किलोमिटरमा खुम्चिन पुग्यो । वर्तमान नेपालको भूभाग यही हो ।



# चीनले तिब्बती क्षेत्रमा पहुँच सीमित गर्‍यो, पत्रकारहरूले अवरोध सामना गरे

वासिङ्टन, डीसी - अमेरिकी विदेश मन्त्रालयले भनेको छ कि चिनियाँ सरकारी नियम र प्रक्रियाले अमेरिकी राजनयिक तथा अधिकारीहरू, पत्रकारहरू, र पर्यटकहरूको तिब्बती स्वायत्त क्षेत्र (TAR) तथा अन्य तिब्बती क्षेत्रमा यात्रा गर्न निरन्तर अवरोध पुर्‍याएको छ, गत वर्षभरि प्रतिबन्ध कायम रहेको उल्लेख गर्दै।

२०१८ को Reciprocal Access to Tibet Act अन्तर्गत कांग्रेसलाई प्रस्तुत गरिएको वार्षिक प्रतिवेदनमा अमेरिकी विदेश मन्त्रालयको पूर्वी एसिया तथा प्रशान्त मामिला ब्युरोले भनेको छ कि अन्तर्राष्ट्रिय आगन्तुकहरूको त्ब्च यात्रा अझै पनि सरकारी अनुमति पत्रमार्फत स्वीकृत हुनुपर्नेछ । २०२५ मा, बेइजिङस्थित अमेरिकी दूतावासका वाणिज्य दूतावास अधिकारीहरूलाई २०१९ पछि पहिलोपटक आधिकारिक रूपमा त्ब्च भ्रमण गर्न अनुमति दिइएको थियो ।

प्रतिवेदनले भन्यो: "राजनयिक तथा अधिकारीहरूले TAR बाहिरका तिब्बती क्षेत्रमा यात्रा गर्न अनुमतिपत्र आवश्यक परेन । तर चिनियाँ सुरक्षा निकायहरूले अमेरिकी राजनयिक, अधिकारी तथा अन्य विदेशी आगन्तुकहरूलाई देखिने निगरानीमार्फत धम्क्याए र सताए । तिब्बती अमेरिकीहरूले नियमित रूपमा तिब्बती क्षेत्रमा यात्रा गर्न प्रतिबन्ध सामना गरेका छन् । पत्रकारहरूको पहुँच सीमित रह्यो ।"

प्रतिवेदनले थप उल्लेख गर्‍यो कि यद्यपि राजनयिक तथा अन्य विदेशी अधिकारीहरूलाई TAR बाहिरका तिब्बती क्षेत्रमा जान अनुमति दिइएको छ, चिनियाँ अधिकारीहरूले "देखिने निगरानी" प्रयोग गरी यात्रुहरूलाई धम्क्याउने, निगरानी गर्ने, र सताउने काम गरे ।

अमेरिकी विदेश मन्त्रालयले भन्यो कि बेइजिङले अमेरिकी पत्रकारहरूको TAR पहुँचलाई कडाइका साथ नियन्त्रण गर्‍यो, यद्यपि चीनका अन्य भागमा अन्तर्राष्ट्रिय पत्रकारहरूले यात्रा गर्न सामान्यतया पूर्वअनुमति लिनु पर्दैन ।

प्रतिवेदनले चीनस्थित Foreign Correspondents' Club (FCC) लाई उद्धृत गर्दै भन्यो कि चिनियाँ अधिकारीहरूले अमेरिकी पत्रकारहरूको प्राय: सबै अनुरोध अस्वीकार गरे । कम्तीमा पाँचवटा अनुरोध विदेशी पत्रकारहरूले गरेका थिए, जुन अस्वीकार गरियो । यसले थप उल्लेख गर्‍यो कि TAR तथा अन्य तिब्बती क्षेत्रमा यात्रा गर्ने ९३ प्रतिशत पत्रकारहरूले रिपोर्टिङमा कठिनाइ सामना गरे । कहिलेकाहीँ चिनियाँ सरकारले पत्रकार भ्रमण आयोजना गरे पनि स्वतन्त्र रिपोर्टिङको अनुमति दिइएन । "जब अमेरिकी पत्रकारहरूले तिब्बती क्षेत्रमा पहुँच पाए, चिनियाँ सरकारले उनीहरूको रिपोर्टिङ क्षमता अझै दबायो, चिनियाँ नागरिकहरूलाई उनीहरूसँग सम्पर्क गर्नबाट रोक्दै। समूह भ्रमणहरूले सरकारलाई क्षेत्रको पहुँच बढेको दाबी गर्न सक्षम बनायो तर सूचनामाथि कडा नियन्त्रण कायम रह्यो," अमेरिकी विदेश मन्त्रालयले भन्यो । प्रतिवेदनले खाम प्रान्तका काद्र्जे र न्गाबा तिब्बती क्षेत्रमा विदेशी अधिकारीहरूको मठ प्रवेशमा प्रतिबन्ध भएको पनि उल्लेख गर्‍यो ।

हालका वर्षहरूमा खाम र अम्दोका तिब्बती क्षेत्रमा भ्रमण गर्दा स्थानीय अधिकारीहरूले अमेरिकी राजनयिकहरूलाई निगरानी गरे, कतिपय अवस्थामा मठ प्रवेशमा रोक लगाए, सडक अवरूद्ध गरे, स्थानीय बासिन्दासँग भेटघाट रोकिदिए, र उनीहरूको कुराकानीमा निगरानी गरे, प्रतिवेदनले थप भन्यो । (IANS)

# व्यवस्थामा देखिएका अन्यौल र भावि राजनीति




डा. केशव देवकोटा


नेपालमा बहुदलिय संसदीय व्यवस्था पुनर्स्थापना भएको पनि ३६ बर्ष बितिसकेको छ । ०४६ चैत २६ गते नेपाली कांग्रेसको नेतृत्वमा वाममोर्चासहितको संयुक्त जनआन्दोलनको दबाबमा तत्कालीन राजा वीरेन्द्रले देशवासीका नाममा सम्बोधनगर्दै बहुदलिय व्यवस्था पुन:स्थापनाको घोषणा गर्नभएको थियो । ०४६ फागुन ७ गतेदेखि शुरूभएको त्यतिबेलाको जनआन्दोलन करिब ५० दिनसम्म चलेको थियो । आन्दोलनका क्रममा देशभर प्रदर्शन, जुलुस र प्रतिरोधका कार्यक्रम सञ्चालन भएका थिए । ०४७ सालको संविधानमार्फत संसदीय व्यवस्थालाई संस्थागतगर्ने प्रक्रिया अघि बढाइएको थियो । घटनाक्रमलाई हेर्दा ०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले निर्वाचित सरकार विघटनगर्दै संसदीय शासन व्यवस्थाको अन्त्य गर्नभएको थियो । त्यसपछि दलविहीन पञ्चायती व्यवस्था लागूगरिएको थियो । जसले करिब तीन दशकसम्म राजनीतिक दलमाथि प्रतिबन्ध, नागरिक स्वतन्त्रतामाथि अंकुश र केन्द्रिकृत सत्ताको अभ्यासलाई निरन्तरता दिएको थियो । हाल फेरी गत भदौ २३ र २४ गतेको रहस्यमय घटना भएर आएको शासन सत्ताले एकातिर रहस्यमय ढंगले ०७२ को संविधान संशोधन गराउने प्रयास थालेको छभने अर्कातिर बहुदलिय संसदीय व्यवस्थाका मर्म मर्ममाथि प्रहार पनि थालेको छ । जसलेगर्दा फेरी ०१७ साल नयाँरूपमा दोहरिनसक्ने स्पष्ट संकेतहरू देखिएका छन् ।

गत भदौको घटना भएदेखिनै नेपालका मुख्य संसदवादी दल मानिएका मुख्यत नेपाली कांग्रेस र एमालेलाई किनारा लगाउने प्रयास गरिएको थियो । तर उनीहरूले जसरी पनि गत फागुन २१ को निर्वाचनमा भाग लिने नीति अख्तियार गरेका कारण पूरै किनारा लाग्न पाएनन् । तथापि संसदमा झिनो मतले भएपनि उपस्थिति जनाउन सफल भएका छन् । तर झण्डै दुई तिहाई बहुमतकासाथ शासन सत्तामा आएको रास्वपाले दलहरूमाथिनै अंकुश लगाउने प्रयास थालेकाले नेपालको सत्ता राजनीति कसरी अगाडि बढ्छ ? भन्ने अन्योलताको थालनी भएको छ । आश्चर्यको बिषय केछभने नेका र एमालेमात्र नभएर हाल संसदमा नरहेका राजमो लगायतका कतिपय दलहरूलेसमेत नयाँ सरकारले थालेको संविधान संशोधनको प्रक्रियामा भाग लिएर आआफ्नो सुझाव दिनथालेका छन् । तर ०७२ को संविधानलाई देशमा बिद्यमान सबै समस्याहरूको जड भएको बताउने र गत दोश्रो संविधानसभादेखि हालसम्मका कुनै निर्वाचनमा पनि भाग नलिएका क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाललगायतका दलहरूसँग बर्तमान सरकारले संविधान संशोधनका लागि सुझाव पनि मागेको छैनभने उक्त पार्टीहरूले देशको संविधाननै संशोधन हुनलागेकोप्रति खासै ध्यान पनि दिएका छैनन् । यसै अवस्थामा बिभिन्न बिद्यालयहरूमा रहेका स्वतन्त्र बिद्यार्थी यूनियन, बिभिन्न कार्यालयमा खुलेका कर्मचारी संघ संगठनहरूमाथि अंकुश लगाउने कार्यको थालनी भैसकेको छ । बहुदलिय संसदीय व्यवस्थाको मुटु मानिएको ट्रेड यूनियन बन्द गराउने अभ्यासहरू पनि थालिएका छन् । खासमा यस्ता संघसंगठन भनेका दलका जग हुन् । बिद्यार्थी र कर्मचारीलगायतका संघसंगठनहरूमा अभ्यासगर्दै राजनीतिक दलहरूको निर्माण हुने हो । त्यतिमात्र होइन बहुदलिय संसदीय व्यवस्थाको जग मानिएका स्थानीय निकायहरूलाई पनि दलबिहीन बनाउने प्रस्तावहरू आएका छन् । त्यसैले हाल नेपालको शासन सत्तामा रहेको सरकारको गन्तब्य भनेको निर्दलियतातिर नै हो भन्ने देखिएको छ । यद्यपि त्यसको औपचारिक घोषणा गरिएको छैन । नेपालमा यतिबेला राष्ट्रिय एकता र सहमतीय राजनीतिको टड्कारो आवश्यकता रहेको छ । तर बर्तमान सरकार उक्त दुई कुराको ठीक बिपरित गएको छ । त्यसैले यो सरकारको पालामा नेपालको अखण्डता र स्वाधिनतामासमेत नकारात्मक असर पर्नसक्ने देखिएको छ । विश्वमा स्थापित मान्यताअनुसार दुई वा सोभन्दा धेरै राजनीतिक दलहरू मिलेर कुनैपनी देशको शासन सत्तालाई निरन्तरतादिदै राज्य प्रणालीलाई सञ्चालनगर्नलाई बहुदलिय प्रणाली भनिन्छ ।

जसलाई बहुलवादमा आधारित मानिन्छ । बहुलवाद भनेको समाज, राजनीति, संस्कृति र बिचारधारामा विविधतालाई स्वीकारगर्ने र सम्मानगर्ने सिद्धान्त हो । यसले संसारको उत्पत्ति वा समाजको सञ्चालन एउटै तत्व वा बिचारबाट नभई बहुतत्व वा बहुविचारबाट भएको मान्दछ । यसैलाई कतिपयले लोकतन्त्रको आधारस्तम्भ पनि मान्नेगरेका छन् । जसले विविधतामा एकता, सहअस्तित्व र सहिष्णुतालाई जोडदिन्छ । राजनीतिक बहुलवादले समाजमा धेरै राजनीतिक दल, समूह र बिचारहरूको उपस्थितिलाई मान्यता दिन्छभने सांस्कृतिक र सामाजिक बहुलवादले बिभिन्न धर्म, संस्कृति, भाषा, रहनसहन र मान्यताहरूलाई समान सम्मान र अस्तित्वको अधिकार दिनुपर्ने ठान्दछ । त्यसैगरी दार्शनिक बहुलवादले संसारको उत्पत्ति र विकास एउटै तत्वबाट नभई बहुतत्वबाट भएको मान्यता राख्दछ । नेपालका संसदवादी दलहरूले ०४६ सालको परिवर्तनपछि स्थापित राजनीतिक ब्यवस्थालाई पूर्ण प्रजातन्त्र भने । ०६३ को परिवर्तनपछि लोकतन्त्र भने । अब ०८२ को परिवर्तनपछि के भन्छन् ? त्यो खुलेको छैन । तर संसदवादी दलहरू त्यसका मूल्य, मान्यता र आदर्शअनुसार बिधि र पद्धतिको प्रयोग गरेर अगाडि बढ्न नसकेका कारण आजको अवस्था आएको हो । कुनै पनि देशको राजनैतिक प्रणाली त्यो देशको भूगोल, त्यहाँभित्र बसोबासगर्ने बिभिन्न बर्ग, जाती, भाषाभाषी समुदायको बिभिन्नताबाट निर्धारण गरिएको हुनु पर्दछ । नेपालमा बहुभाषा ( करिव १२३), बहुधर्म (आधा दर्जनभन्दा बढी), बहुजाती ( करिव १४२) तथा हिमाल, पहाड र तराईको फरक, फरक भूगोल र भेषभूषा रहेको छ । यस्तो अवस्थामा सबैलाई मान्य हुने र उनीहरूलाई समेटेर एकताबद्ध बनाउने राजनीतिक ब्यवस्था हुनुपर्नेमा ०६३ को परिवर्तनपछि त्यसको ठीक बिपरितको ब्यवस्था लागूगराइएको छ । ०७२ को संविधानमा रहेको संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन पद्धतिलगायतका कुराहरू नेपालमा आर्थिक, सामाजिक र राजनीतिक अस्थिरता कायम राख्ने उद्देश्यले समाबेश गरिएको पछिल्ला कतिपय घटनाहरूले स्पष्ट गरेका छन् । जसका पछाडि साम्राज्यवादी स्वार्थसमेत रहेको छ । जुन संविधान घोषणा भएको १० बर्ष बित्दा पनि पूर्णत कार्यान्वयन हुन नसक्नुले उपरोक्त कुराको पुष्टि गरेको छ ।

झण्डै साँढे आठबर्षको समय र ३० अर्बभन्दा बढी रकम खर्च गरेर बनाइएको संविधान त्रुटीपूर्ण हुनु आफैमा बिश्लेषण लायक बिषय छ । यसअघि पहिलो संविधानसभा संविधान नबनाउँदै बिघटन भएको थियो । दोश्रो संविधानसभालाई पनि पूर्ब शर्तहरूको भारी बोकाएर स्वतन्त्र र निष्पक्षरूपमा बिधि र पद्धतिअनुसार कामगर्न नदिएको तथा सबै पक्षले भाग नलिएका कारण त्यसलाई संविधानसभाको कोटीमा राख्न सकिने अवस्था थिएन । त्यसैले अबको अवस्थामा तेश्रो संविधानसभाको घोषणा गरेर नयाँ संविधानको निर्माण गराउनु उचित हुने देखिएको छ । तर बर्तमान सरकारले ०७२ को संविधानमै टेकेर आफ्नो चाहनाअनुसार संशोधन गराउने प्रयास गरेकाले बहुदलिय संसदीय ब्यवस्था र गणतन्त्र दुबै संकटमा पर्ने अवस्था सिर्जना भएको छ । यसअघिका संसदवादी दलहरूले पनि नागरिक स्वतन्त्रता र अधिकार, राजनीतिक प्रतिस्पर्धा र सहभागिता, समावेशिता एबं समानता र शानितपूर्णरूपमा सत्ता हस्तान्तरण जस्ता कुराको अभ्यासगर्न/गराउन सकेका थिएनन् । नयाँ सरकारले त झन बिचार नभएर बल प्रयोग र नेतृत्वमा रहेकाहरूको सनकका भरमा शासन सत्ता सञ्चालन गर्ने/गराउने प्रयास थालेको छ । पछिल्ला दिनमा वाक स्वतन्त्रता, संगठन खोल्ने स्वतन्त्रता, प्रेस स्वतन्त्रता लगायतका अधिकारहरू कुण्ठित हुनथालेका छन् । सरकारको आलोचना गर्न, माग राख्न र आवाज उठाउनसक्ने वातावरण बिथोलिँदै गएको छ । दलीय प्रतिश्पर्धा र जनसहभागिताले खासै प्रश्रय नपाउने अवस्था देखिएको छ ।

भाबि दिनमा मतदानगर्ने अधिकार के हुन्छ ? त्यो यसै भन्न नसकिने अवस्था छ । नेपालको राजनीतिमा ०४६ सालको परिवर्तनदेखिनै सरकारको आयु छोटो हुने, बारम्बार प्रधानमन्त्री परिवर्तन हुने, गठबन्धनको खेल चलिरहने परिपाटीले स्थान लिएको छ । राजनीतिक अस्थिरता बढेको छ भने त्यसले नीतिगत निर्णयमा ढिलाइ र विकासमा अवरोध उत्पन्नगर्ने गरेको छ । लोकतान्त्रिक प्रणालीमा जनउत्तरदायित्वको कुरा हुन्छ । तर नेपालमा भ्रष्टाचार नियन्त्रणमा कमजोरी देखिएको छ । सरकारी निकायहरूमा पारदर्शिताको अभाव छ, राजनैतिक संरक्षण, र दण्डहीनता व्यापक रहेको छ । लोकतन्त्रमा कार्यपालिका, विधायिका र न्यायपालिकाका बीचमा स्पष्ट सन्तुलन हुनु आवश्यक हुन्छ । तर नेपालमा कार्यपालिकाको खुलेयाम हस्तक्षेप न्यायपालिका र संवैधानिक आयोगहरूमासमेत देखिने गरेको छ । संवैधानिक निकायहरूको स्वतन्त्रताको कुनै सुनिश्चितता छैन । यहाँका शासकहरू जनताका माग सुन्नेभन्दा पनि आफ्नै स्वार्थ र सत्ताका लागि संघर्ष गरिरहेका देखिन्छन् । यसरी नेपालमा कायम रहेको विदेशी हस्तक्षेपका कारण आन्तरिक राजनीतिसमेत प्रभावित भएको छ । हुँदाहुँदा हाल आएर दलीय ब्यवस्थाभित्र पनि कतिपय निर्दलिय अभ्यासहरू हुनथालेका छन् । जसले बिभिन्न किसिमका भ्रमहरूको सिर्जना गरेको छ । देशभक्त नेपालीहरूले देशअनुसारको राजनीतिक ब्यवस्थाका लागि दबाव बढाउने यो अपूर्ब अवसर हो । यो अवसरको सदुपयोग देखिएको छैन ।







Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# गोदावरी साहित्य परिषदको जिल्लाव्यापी गजल वाचन प्रतियोगिता







वैशाख २० गते गोदावरी साहित्य परिषदले गोदावरी नगरपालिकाको हलमा आठौं वार्षिक साधारणसभा, जिल्लाव्यापी गजल प्रतियोगिता र रचनावाचन कार्यक्रम सम्पन्न गरेको छ। प्रमुख अतिथि गोदावरी नगरपालिका नगरप्रमुख तथा संस्था संरक्षक गजेन्द्र महर्जन, निर्णायक तथा संस्थापक अध्यक्ष वशिष्ठ अधिकारी तथा चर्चित युवा गजलकार बाबु त्रिपाठी सहित सहभागी हुनुहुने सबै साहित्य अनुरागीहरूले यस प्रकारको कार्यक्रमको महत्वबारे प्रकाश पारेका थिए। पालिकास्तरमा यसरी देशव्यापी रूपमा वाङ्मयको विकासमा कार्यक्रम हुँदै जाने हो भने साहित्यको द्रूतगतिमा विकास हुनसक्ने छ। साहित्यको विकास नै देश विकासको मापन पनि हो , चेतनाको स्तर माथि पुग्ने आधार पनि हो।

साहित्यमा लाग्नेहरू देशव्यापी छन्। सबैभन्दा बढी साहित्यिक संस्थाहरू राजधानीमा देखिन्छन्। साहित्यमा पनि गुटबाजी व्यापक छ। एकले अर्कोलाई पर्म लगाएजसरी कार्यक्रम गर्छन्। एकले अर्कोलाई सम्मानपत्र दिने, पुरस्कृत गर्ने, प्रशंसा गर्ने परम्परा पनि खूब विकास भएको छ। खासगरी साहित्यमा लाग्नेहरूको पठन संस्कृतिभन्दा बढी एकदोस्रालाई प्रशंसा गर्ने गरेको देखिन्छ। यी बिकृतिबाट अलग भएर गोदावरी साहित्य परिषद अघि बढेको छ।

# सर्वदलीय घरभित्र-नियाल्दा


*अरूणबहादुर खत्री*

लघुकथाकार इन्द्रकुमार विकल्पको सर्वदलीय घर नामक लघुकथासङ्ग्रह २०६० मा प्रकाशित भएको छ। यस कृतिभित्र उनले लेखेका नरेकाका, कुकुरको मुत, इज्जत, मर्का पऱ्यो, असल साथी, बिहे लगायत विभिन्न शीर्षकका ३० वटा लघुकथाहरू राखिएका छन्। यसमा सङ्गृहीत ३० वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन्। यस सङ्ग्रहभित्रको नरेकाका शीर्षकको पहिलो लघुकथामा के भन्नु बाबू। आफ्नो गाउँघर भनेर उमेर छउन्जेल यही बसे, यही कुरे। एउटा ज्यान जेनतेन गुजारा गरे। सन्तान पाल्न सकिन्न भनेर बिहे पनि गरिन भनिएको छ। मर्का पऱ्यो शीर्षकको लघुकथामा एकजना अर्को साथी ६ फिट अग्लो थियो। ऊ पनि मसँग एकदम मिल्ने गर्थ्यो। ऊ पनि मसँग भन्ने गर्थ्यो। ऊ अग्लो भएकोमा निक्कै फूर्ति गर्थ्यो भनिएको छ। हातलाग्यो शून्य शीर्षकको लघुकथाभित्र बखतमानले आफ्नो बाबु बाजेको अन्तिम निशानी गाउँको घर बेच्यो। घर बेचेर आएको रकमले तराईतिर गएर सस्तो जग्गा किनेर खेती गरी जीविका चलाउने निधो गरेको छ। कथा सलल्ल बगेको छ, रोचक पनि छ।




यसभित्र लेखिएका लघुकथा खारिएका, माझिएका र टलक्क टल्किएका छन्। थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ। यस तथ्यलाई लघुकथाकार विकल्पले मनन गरेका छन्। विषय छनोट कथाकारको महत्वपूर्ण परीक्षणको क्षेत्र हो। कथाकारले आजको पाठकको भोकतिर्खा मेट्न सक्ने विषय छनोट गर्न सक्यो कि सकेन त्यो महत्वपूर्ण पाटो हो। यस सङ्ग्रहभित्रका कथाको शीर्षकहरूबाट नै कतिपय कथा व्यक्तिको चरित्र वा स्वभावसँग सम्बन्धित छन भन्ने स्पष्ट देखिन्छ। कतिपय शीर्षकले घटना, कतिले समस्या, कतिपयले जीवनानुभव र कतिपयले अवस्थाको सङ्केत गरेका छन्। यस कृतिभित्रका कथामा पनि व्यक्तिगत स्वभाव, सामाजिक परिघटनाहरू र प्रवृत्तिहरूकै चित्रण भएकाले कथाकार विकल्प शीर्षक चयन वा कथाको नामकरण गर्नमा खप्पिस छन्।

सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन्। मान्छेका प्रवृत्ति र उसले बिर्सदै गएको आफ्नो धरातल तथा हराइरहेको मानविय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ। आशावादी भएर समाजका विकृतिलाई निर्मूल पारेर एउटा सुन्दर समाज निर्माण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि यस सङ्ग्रहभित्रका कथा सक्षम छन्। स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन। यही समाजमा रहेका सङ्गत, बिसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नुनै पर्छ।

आशा काकी शीर्षकको लघुकथामा समयको गतिसँगै म पनि बढ्दै गएँ। त्यतिबेला म एस.एल.सी. दिएर परीक्षाफलको प्रतीक्षामा थिएँ। एकदिन म उनको घरमा गएँ। ढोका बन्द थियो तर भित्र नियालें। त्यस कोठाभित्र ५०/५५ वर्षको मान्छे र उनी रासलीलामा मग्न थिए भनेर लेखिएको छ। परिबन्दले दिएको सजाय शीर्षकको लघुकथामा उकालो लाग्ने मान्छेले यताउता हेऱ्यो अपरिचित मान्छेले आफ्नो ताउलो समातेकोले यो समात्ने मान्छे पक्का चोर हो, यसले मेरो ताउलो लाने भयो भनेर सोचेर ए साथी हो चोरले ताउलो लान थाल्यो गुहार....गुहार.... भन्यो।

पुरेत बाजे र ठट्यौली यजमान शीर्षकको लघुकथामा बीचबीचमा पुरेतबाजेले आफ्नो यजमानहरूको घरमा जाँदा आफूलाई स्वागत गरेका कुराहरूदेखि फलानोले यति दक्षिणा दिन्छ, यतिवटा सिदा बनाउँछ चढाउने ठाउँमा पनि सुका-मोहर त देख्नै पाइन्न। पाँच रूपैंयाका ढ्याक चढाउँछन् भन्दै रहन्थे।


प्रस्तुत लघुकथासङ्ग्रहका कथाहरूको कथानक नेपाली समाजका विद्यमान सामाजिक, सांस्कृति, राजनैतिक, पारिवारिक, आर्थिक, विकृति र विसङ्गतिलाई आधार मानेर तय गरिएको छ। कथाकार विकल्पले आफूले देखे, भोगेका र अनुभव गरेका तीता टर्रा अनुभूतिजन्य घटनालाई विविध शीर्षक दिएर कथामा उनेका छन्।

विकासी छोरा शीर्षकको लघुकथाभित्र चन्द्रबहादुर चुपचाप टोलाइरह्यो। बूढा टोलाइरहेको देखेर चमेली एकछिन त अक्कनबक्क परी र झकझकाउँदै बोली ए बूढा दिउँसै मन्त्री भएको सपना देख्न थाल्यौ कि क्या हो भनिएको छ। विकल्पले समाजका कुनै पनि क्षेत्रमा घटेका त्यस्ता घटना, घटनालाई कथात्मकता दिन उत्प्रेरित गर्ने वातावरण वा परिवेश, घटनामा संलग्न चरित्र/पात्र, बिनाबाधा अवरोध प्रदान गरेका छन्।

कथा आफैमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ। अर्थात् लघुकथा कथाको संक्षेपीकरण होइन। लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो। लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ। छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो। लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ। अन्त्यमा लघुकथाकार विकल्पको अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने बाचा गरेको छु।

**कृतिः सर्वदलीय घर** **विधाः लघुकथा**
**प्रकाशकः पर्वत साहित्य सङ्गम, कुश्मा, पर्वत**

# नेपाली समाज र नारी



**शशी श्रेष्ठ –**

समय कति बलवान छ। समयको तिब्रताले आज हामी ढुङ्गे युगबाट विकसित भएर विज्ञानको युगमा आईपुगेका छौं। आगो बोकेर हिँड्ने मान्छे मंगल ग्रहमा घर बनाउने सोच बुनिरहेछन्। धेरै परिवर्तन आईसक्यो समाजमा, धेरै विकास भईसक्यो तर पनि केही कुरा त्यस्ता छन् जसमा विकासले पनि भेद गर्छ। समाजमा त्यस्ता पात्र अझै छन् जसलाई मानव सभ्यताले स्वीकारे पनि यस नेपाली समाजले अझै पूर्ण रूपमा स्वीकारिसकेको छ जस्तो मलाई लाग्दैन र ती पात्र हुन् नारी। आधा आकाश।

पुरूष प्रधान समाजमा नारी भएर हुर्कनु आफैंमा एउटा चुनौती हो। यस समाजमा एउटी छोरीको जन्म नै सुरक्षित छैन भने त्यसपछिको उसको जीवनमा कति घटना घट्छन्, सहजै अनमान लगाउन सकिन्छ। मृत्यु त सबैको निश्चित छ तर नेपाली परिवेशमा एउटी छोरीको, एउटी आमाको, एउटी नारीको मृत्यु कहिले र कसरी हुन्छ, केही भन्न सकिँदैन। जन्मिन नपाउँदै भ्रुण हत्या हुने ठाउँमा बलात्कार, यौन हिंसा र बेचबिखन त जन्मि सकेपछिका कुराहरू हुन्।

आज पनि समाज नारी भनेपछि मौन रहन्छ। नारी जातिलाई सीमित परिधिभित्र खुम्च्याएर राख्ने यस संसारलाई थाहा छ, उसको यस समाजण प्रतिको भूमिका त्यही पनि यहाँ किन मानिस नारी शब्दबाट तर्सन्छ वा भनौं अन्जान बन्न खोज्दछ ? किन दिनहुँ कैयौं आमाको गर्भबाट ती भ्रुणहरू फालिन्छन् ? आफ्नै छोरी मार्ने मानिसको मन कस्तो होला ? अक्षर चिन्ने उमेरमा गाईवस्तुलाई घाँसपात खोज्दै डाँडापाखा धाउने विचरीको यस समाजप्रति कत्रो देन हुनसक्छ, कसैले यसबारे कल्पना गऱ्यो ? अहँ गरेन। जीवित पात्रलाई इज्जत नदिने यो समाजले काल्पनिक पात्रहरू प्रति देखावटी आस्था देखाउँदैमा कुनै पुण्य प्राप्त हुन्छ जस्तो मलाई लाग्दैन।

महिलाले आफूमाथि हिंसा भएको बुझ्ने र बोल्न सक्ने भएपनि हाम्रो समाजमा हिंसा पीडितलाई हेर्ने दृष्टिकोण सकारात्मक छैन। प्रत्येक सामाजिक संरचना र संस्थामा हाबी भएका पुरुष जाति प्रमुख स्थानमा रहनाले पनि पुरूषको तुलनामा महिला बढी नै जोखिममा पर्ने गर्छन्। नारीको व्याख्या गर्दा महान नारी व्यक्तित्वको उदाहरण दिईन्छ। मदर टेरेसा, फ्लोरेन्स नाइटिङ्गल, इन्दिरा गान्धी, जुलियट गिलार्ड, एलिजावेथ, आदि इत्यादि। यस्ता सफल नारीहरूको नाम कण्ठ गर्दैमा, गराउँदैमा यहाँका नारी शिक्षित हुने होइनन्। शिक्षाको पहुँच नपुगेका अति दुर्गम क्षेत्रका कैयौं दिदीबहिनी आज पनि घरायसी काममा अल्झिरहेका छन्। आफ्नो भाग्य लेख्ने कलमले भन्ने कुरा उनीहरूलाई पनि थाहा छ तर गरीबीको कारणले उनीहरू निरीह छन्। शक्ति, पैसा र पहँचका भरमा उनीहरू बारबार लुटिन्छन्, पेटको लागि आफ्नो अस्मिता साट्छन्।

यता समाजका केही संभ्रान्त ठालुहरू आफ्नो श्रीमतीको गर्भको पहिचान गरि छोरीको भ्रुण हत्या गर्दछन् र शानका साथ छिमेकीको छोरी माँगेर कन्या पूजा गर्दछन्। मेरी छोरी मेरो जिन्दगीको एक मात्र खुशी हो भन्दै बाबुले छोरीलाई गर्वका साथ अँगाल्ने दिन प्रत्येकको घरमा आए देखि कति सुन्दर संसार हुन्थ्यो होला ? नारीको शरिरलाई लिलामीमा होइन मनमा राखेर पुज्ने दिन आओस्। आफ्नी श्रीमतीको हाँसोको कदर गर्न सिकुन् यस समाजका प्रत्येक पुरूषले। नारीलाई पनि पुरूष सरह अधिकार, समानता र अवसरहरू दिइएमा पक्कै पनि नारी अब्बल र सक्षम छन् भन्ने कुरामा कुनै दुईमत छैन।

नारी विना पुरूष अधुरो छ, यो कुरा प्रत्येक घर परिवार र समाजले बुझोस्। सानो बालक जन्मने बित्तिकै पाइला सार्न उसलाई आफ्नी आमाको हात चाहिन्छ, बाल्यावस्थामा उसलाई सारा दुःख बाँड्न एउटी दिदीको साथ चाहिन्छ, युवा अवस्थामा आफ्ना सपना र लक्ष्यको कुरा गर्न एउटी सच्चा प्रेमीका चाहिन्छ भने बुढेसकालमा मायाँ र सद्भाव जगाउने एउटी असल श्रीमती चाहिन्छ। नारीलाई समाजले सहृदय स्वीकारोस्। उसको आवाजको, कलाको कदर गरियोस् अनि मात्र समाजमा विकास हुन्छ। महिला विना समाज शून्य छ। सामाजिक उत्थानमा महिलाको भूमिका अकल्पनीय छ।

(केही अघि लेखिएको तर रोचक)

# मुक्तक लेख्ने प्रयासहरू



न लेख्न सकें गीत न महफिलमा गाउन सकें गजल
न सजिन सकें तिम्रो लागि न मैले लाउन सकें पायल
महलकी रानी जस्तै बनाई राख्छु भन्थ्यौ तिमी मलाई
न तिम्ले मेरो साथ दियौ न मैले सजाउन सकें महल।

**- सरस्वती थपलिया**



आमाको माया के कति हुन्छ नसोधन मलाई
बयान गर्न नसकिने जति हुन्छ नसोधन मलाई
न त तुलामा जोख्न सकिन्छ न त पैसाले किन्न नै ,
हेर तस्वीमा झै माया अति हुन्छ नसोधन मलाई।

**- रिता खराल**



पक्ष, विपक्ष, निष्पक्षले हेरी दिनु पर्यो,
जनताको माग के कस्तो हो टेरी दिनु पर्यो,
हेर्दाहेर्दैमा बसे जस्तो छ नवजवान नेतृत्व,
तीन तहको सरकार पनि फेरि दिनु पर्यो।

**- निरजकुमार माझी**



तिम्रो मुहार र पूर्णिमाको जून उस्तै उस्तै लाग्छ
तिम्रो मिठो बोली र सारङ्गीको धून उस्तै उस्तै लाग्छ
निश्वार्थ भावले कर्म गर्ने प्रेरणा दिइरहन्छौ प्रिये
तिम्रो र कृष्णप्रेम फरक जे हुन् उस्तै उस्तै लाग्छ।

**- धर्मिला कार्की**



पसिनाको मूल्य खोज्ने एउटा बाटो रोज्नु छ
हराएको खुसी फेरि गाउँ बस्तीमा खोज्नु छ
यो माटोलाई साक्षी राखी कसम खान्छौं हामी
अब त देश बिगार्नेको सबै कर्तुत खोतल्नु छ

**- अर्जुन अधिकारी**



रिसाएर यसरी तिमी नहिँड तर्केर।
किन होला बोलेको त्यसरी झर्केर।
बाचा गर्छु प्रिये म छोडेर जादिन,
गए पनि एक दिन आउँनेछु फर्केर।

**- नीता गुरूङ**



देवी देवतालाई उन नुन चढाउनु पर्दैन
निमुखा प्राणी मारेर खुन चढाउन पर्दैन
परोपकारी स्वभाव बनाई सेवा गरे पुग्छ
मन्दिरमा फुर्ति लगाई सुन चढाउन पर्दैन।

**- मुक्तिनाथ शर्मा**



राधाकृष्ण साथमा प्रेम गीत अपार हुन्छ
राम सीतामा शङ्काको मीत अपार हुन्छ
न भगवान नत मान्छेलाई छोड्छ नियतिले
पाए सस्तो नपाउँदाको धित अपार हुन्छ।

**- विनिता आचार्य**

**सन्ध्याकालीन**
www.sandhyakalin.com

**गोरखा एक्सप्रेस**
www.nepaltoday.com.np **पढौं**
**लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं।**




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# राजनीतिको महाभारत

न कृष्ण छन्, न सुदर्शन चक्र । यसकारण नेपाली राजनीतिक खेलमा सत्यले हारिरह्यो । असत्यको शिर छेदन हुनसकेन । राष्ट्र सत्य र असत्यको दोबाटोमा छ ।

१८ दिन चलेको पाण्डव र कौरववीचको महाभारत युद्धको कथा हो । झट्ट पढ्दा, सुन्दा सत्य जस्तो लाग्छ । किनकि जति पनि महाभारतका पात्र, घटनाक्रम छन्, सबै वर्तमान राजनीतिक र कूटनीतिक विश्वका घटनासँग मेल खान्छन् । महाभारत ग्रन्थमा वर्णित द्युत क्रिडा, वारणावत, लाक्षागृहको चक्रव्यूह रचना अथवा धृतराष्ट्र, सकुनी, दुर्योधन, शल्य पात्रहरूको स्वार्थ, कुटिलता, कुचक्र, अपवित्र सोच, धोका, अनीति, कूटनीति राजनीतिका पाटा-पासाहरू हुन् । जुन नेपाली राजनीति र कुटनीतिक अनेक अध्यायहरूका प्रसङ्गहरू झैं लाग्छन् । ००७ साल, ०१७ साल, ०३६ साल, वा ०४६ सालका घटना कम रोचक र घोचक छैनन् । त्यसपछि भारतमा बसेर माओवादीले नेपालमा गरेको १० वर्षे जनयुद्ध, ०६३ सालको जनआन्दोलन, १२ बुँदे दिल्ली सम्झौता, ०६४ सालको निर्वाचन, ०६५ सालको गणतन्त्र कार्यान्वयन, राष्ट्रपतिको निर्वाचनदेखि ०६९ जेठ १४ गतेको संविधानसभाको अवसान र त्यसपछि राष्ट्रिय सहमतिको सरकारको सिलाखोज्ने नाटकीय परिदृश्यहरू सँगै २०७२ साल असोज ३ गते फास्ट ट्र्याकबाट संविधान जारी हुनु र त्यसलाई भारतले अमान्य गरेर गरेको नाकाबन्दीका परिदृश्य छताछुल्ल देखिन्छन् । राजतन्त्र फाल्न मात्र होइन, सत्ताका लागि दुई टाउके भारतढका पछीजस्तै देखिए, सर्वहारावादी कम्युनिष्ट र प्रजातन्त्रवादी कांग्रेस, एमाले, राप्रपाहरू । न सिद्धान्त, न नीति, नैतिकता, निष्ठा केहीको पनि सिङ् पुच्छर छुट्याउन सकिएन । देखियो त जर्ज अर्वेलले एनिमल फार्ममा भनेजस्तो- एनिमल आर इक्वेल, बट सम एनिमल आर मोर इक्वेल । मुहान धमिलो थियो, चुहान धमिलो भयो । परिदृश्य फेरियो ।

महाभारत कथामा युधिष्ठिरले विवेक गुमाउँदा जूवा हारे, जूवामा पत्नी द्रौपदीलाई पनि दाउमा थापे । तर जित्ने कौरव, दुर्योधन र तिनका पिता महाराज अन्धा धृतराष्ट्रलाई कसैले उचित ठह्र्याएनन्, नीतियुक्त मानेनन् । सिङ्गो धर्मशास्त्री, मानवशास्त्री, राजनीतिशास्त्री, समाजशास्त्रीहरूले शिर निहुराएको घटना मानियो । पात्रमात्र होइन, युग नै लज्जाबोधले गन्हायो । नेपाली राजनीतिमा ०६३ सालपछि विवेकहीन नेता र पार्टीहरूका घटनाक्रम त्यस्तै लज्जाबोधका उदाहरण बनेका छन् । जुन घटना बिस्तारै सतहमा देखिन थालेका छन्, ३७ वर्ष सत्तामा रजगज गर्ने नेताहरू नालीभन्दा बढी गनाएका छन्, समाजमा घृणित भएका छन् । त्यति ठूला र परिवर्तनकारी नेताहरू अस्तित्व रक्षा गर्नुपर्ने किनारमा पुगेका छन् ।

जेनजी पुस्ता महान छन्, ती वीरका सन्तान थिए, वीरता देखाउँदै छन् । इमानदारी तिनको धर्म हो, इमानमा टेकेर परिवर्तन फलिभूत पार्दैछन् ।

फ्रान्स र स्पेनसँग टासिंएको १८१ बर्गमाइलको एण्डोरा स्वाभिमानको शिखरमा छ । ठूला देशका सीमामा जोडिदैमा साना देशले कठपुतली हुनुपर्दैन भन्ने उदाहरण हो एण्डोरा । यही मार्गमा नेपालको जेनजी पुस्ताको सरकार अघि बढेको छ । भाषण छैन, स्वागत, उद्घाटन पनि छैन । काम छ र काम हुँदैछ । हरेक नेपालीको मनमा बसेको परिवर्तनकारी सरकारले परिवर्तनका लागि विध्वंश, निर्माण सुरू गरेका छन् । विरोध गर्ने स्वार्थन्धहरूको त कामै विरोध गर्नु हो, गरिरहन्छन् । सरकारले कुनै प्रकारको आलोचना र विरोधको तगारोमा अल्झेर होइन, मुकाविला गरेर अघि बढ्नुपर्छ । अब जनतासँग गरेको बाचा र करार पूरा गर्नुपर्नेछ ।

फ्रान्स र स्पेनसँग टाँस्सिएको सानो मुलुक एण्डोरामा संसद छ, सरकार छ, सांसद छन्, कोही पनि विदेशी दूतावास धाउँदैनन, विदेशी राजदूतको निर्देशनमा चल्दैनन । एण्डोरा कस्तो स्वाधीन, कसरी स्वराज बचाएर अघि बढेका ?

हो, नेपाल पनि एण्डोरा बन्नसक्छ । भारत र चीनसँग टाँसिएको मुलुक नेपाल । कहिले पराधीन भएन । तर भूराजनीतिमा फसेका नेताहरूका कारण विदेशीका सामु लम्पसार पर्ने काम मात्र भयो । नेताहरूले स्वार्थमात्र पूरा गरे । यसकारण प्रश्न उठेको हो- हामी कति स्वाधीन ? तिनक कारण देश रक्तपातमा पऱ्यो, अस्तित्वको संकटमा फस्यो । यही सरापमुक्तिका लागि वर्तमान परिवर्तन आएको होइन र ?

# प्रम बालेन साहको अध्यादेश र आदर्श ?




सरकारले काम गर्न सजिलो होस्, सय दिनमा गर्नुपर्ने कामलाई तीब्रता दिनका लागि राष्ट्रपति समक्ष प्रमाणिकरणका लागि पठाएका विधेयकहरू-

*१. सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३,*

*२. सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी भएको थियो ।*

*३. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३ जारी भएको थियो ।*

*४. स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, ०८३,*

*५. सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, ०८३*

*६. विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, ०८३*

*७. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश*

*८. संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ।*

*तर* बालेन्द्र सरकारले पठाएका ८ अध्यादेश मध्ये ७ अध्यादेश किस्ता किस्तामा प्रमाणिकरण गरेका राष्ट्रपति रामचन्द्र पौडेलले आठौं विधेयक- ***संवैधानिक परिषद्सम्बन्धी अध्यादेश*** पुनर्विचारका लागि फिर्ता गरिदिएका छन् ।

अध्यादेशको प्रतिपक्षी दलहरूबाट विरोध भएपछि प्रधानमन्त्री बालेन्द्र साहले सार्वजनिक रूपमा भनिसकेका थिए- ***अध्यादेशको विरोध गर्नेहरू छन्, यो स्वभाविक पनि हो । तर यथार्थ के हो भने नियमित अधिवेशनबाट कानुन पारित गर्न जाँदा धेरै समय लाग्छ । देश विकासका लागि आवश्यक केही महत्वपूर्ण कानुनहरू छिटो बनाउनु पर्ने आवश्यकता देखिएको छ । त्यसैले संविधानले दिएको अधिकार प्रयोग गर्दै अध्यादेशमार्फत अघि बढेका छौं । हाम्रो उद्देश्य कसैलाई असहज बनाउनु होइन, बरू देशलाई छिटो परिवर्तन र विकासको दिशामा अघि बढाउनु हो । समयको माग अनुसार काम नगर्ने हो भने हामी पछाडि पर्छौं, त्यसैले जनताको हितलाई केन्द्रमा राखेर हामीले यो निर्णय गरेका हौं ।***

प्रधानमन्त्री बालेन्द्र साहलाई राष्ट्रपतिले विश्वास गरेनन् । राष्ट्रपति हुनुपूर्व पौडेल कांग्रेसका बरिष्ठ नेता थिए । जात जनाउँदै राष्ट्रपतिले कांग्रेसी र एमाले संविधानविदहरूसँग सुझाव लिने कर्मकाण्डी नाटक देखाए । लामो समय लगाए । बाध्य भएर सात अध्यादेश पारित गरेर संवैधानिक परिषद सम्बन्धि विधेयक फिर्ता पठाइदिए ।

निश्चित छ, सरकारले यो विधेयक पुनः प्रमाणिकरणका लागि पठाउने छ । अब राष्ट्रपतिले फिर्ता पठाउन मिल्नेछैन । रास्वपाले बजेट अधिवेशन नबोलाएर अध्यादेशबाटै बजेट जारी गर्ने हिम्मत पनि देखाउनसक्छ । यद्यपि रास्वपा र बालेन्द्र सरकारले छिटो काम गर्न अध्यादेश जारी गर्न खोजेको र संसदलाई नछल्ने अभिव्यक्ति दिइसकेको छ ।

जारी अध्यादेश पनि संसद अधिवेशनमा २ महिनाभित्र पेश गर्नेपर्छ र ती विधेयकहरूको औचित्य सकिनेछ । यसकारण अहिले बिरोधको अर्थ छैन ।

३७ वर्ष लामो राजनीतिक कालरात्रिपछि रक्तपात भयो र निर्वाचनमा जनताले कालरात्रिको विपक्षमा, परिवर्तनका पक्षमा मतदान गरे । नयाँ पुस्ताको सरकार पनि बन्यो । नयाँ पुस्ताले नयाँ जिम्मेवार राजनीतिक संष्कार र विधिबाट चल्ने कानुनव्यवस्था अर्थात लोकतान्त्रिक अपेक्षा अनुसारको थिति बसाल्ला कि नबसाल्ला ? अहिलेको सबैभन्दा अहं चासो यही हो ।

भदौ २३ र २४ मा भएको नरसंहारबाट सिर्जित शोक सकिएको छैन । शोक शक्तिमा बदलिएको छ । रास्वपा र बालेन्द्र सरकारले भ्रष्टहरूको दोहोलो काढ्दै सुशासनको जग बसाल्न अनेक प्रयासहरू थालेको छ । सुकुम्वासीको पहिचान र तिनको व्यवस्थापन गरेर स्थायी समाधान निकाल्न खोज्नु पनि सुशासनकै अर्को उपाय हो ।

बहुदलको कालारात्रि फार्ने प्रयास गर्न ३७ वर्ष लाग्यो । यो ३७ वर्षको शोक, दुःखद सम्झनाहरू हस्तान्तरण भएका छन् । सुखानुभूतिको आशा जागेको छ, विश्वास भरिएको छ । पुरानोबाट नयाँतर्फको मार्ग खुलेको छ । यो नयाँ मार्ग, नयाँ पुस्ताले नयाँ पदचिन्ह पहिल्याउन सके भने भग्नावशेष बनिसकेको देशले काँचुली फेर्नेछ ।

रास्वपा र बालेन सरकालाई कसरी घेर्ने, कमजोर पार्ने र असफल बनाइदिने भनेर विपक्षीहरू अनेक चालबाजी गरिरहेका छन् । बालेनका सबै निर्णयहरूलाई राष्ट्रिय सभामा अल्झाइदिने रणनीति थाहा पाएर बालेन सरकारले अध्यादेशको द्रुतमार्ग रोज्यो, जसले गर्दा राष्ट्रियसभामा अल्झाउने विपक्षीका सबै दाउपेच असफल भएका छन् । यो देखेर विपक्षीहरू आत्तिए र संसद छलेको आरोप लगाउन पुगेका हुन् । यसबारेमा रास्वपा र प्रम बालेन्द्रले प्रष्ट पारिसकेका छन् ।

राजधानी र देशैभरि सुकुमवासी समस्या समाधान गर्ने सम्बन्धमा अनेक आलोचना गर्ने राजनीतिक र अन्यहरूबारे प्रम बालेन साहले लेखेका छन्- ***सुकुम्वासीको नाममा दशकौंदेखि राजनीति हुँदै आयो । नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादीलगायतका दलहरूले यो मुद्दालाई समाधानभन्दा बढी चुनावी नारामा सिमित राखे । तर मैले प्रधानमन्त्रीको रूपमा सपथ लिएको आज सय दिनभित्र, सुकुम्बासी समस्या समाधानको स्पष्ट मार्गचित्र तयार गरी व्यावहारिक काम अगाडि बढाइसकेको छु अब सुकुम्बासीको नाममा राजनीति होइ, व्यवस्थापन, अधिकार र सम्मानको सुनिश्चितता हाम्रो प्राथमिकता हो । देश र जनताको हितमा, अब काम परिणामुखी हुनेछ, बहानामुखी होइन ।***

बहुदलपछिको ३७ वर्षमा भएका प्रधानमन्त्रीले यसरी राष्ट्रलाई कहिले विश्वस्त पारेनन् । अब परिवर्तन हुन्छ, भ्रष्टाचारीमाथि कारवाही हुन्छ, सुशासन आउँछ भन्ने विश्वास जगाएका छन्, सुकुमवासीले समेत सरकारप्रति विश्वास गरेका देखिन्छन् । हुकुमवासी जति चिच्याए पनि तिनको प्रभाव साह्रै न्यून देखिएको छ । बालेन्द्र सरकार असफल पार्न प्रतिपक्षी एक भएर प्रम बालेन्द्रलाई घिसार्नेजस्ता भाषा बोल्न थालेका छन् ।

राष्ट्रपति उचालेर संवैधानिक परिषद विधेयक फिर्ता गर्न लगाउने र सरकारले सयदिनभित्र सुरू गर्नुपर्ने काममा बाधा हालेर विपक्षीले सरकारलाई घेर्ने नीति लिएका छन् ।

आम आवाज भनेको सक्कली सुकुमवासीहरूले स्थायी बसोबासको व्यवस्था होस् भनेर सरकारलाई सघाएको सबैले देखे बुझेका छन् । हो, सरकारले स्टण्डमात्र गर्छ कि सुकुमवासीको व्यवस्था मिलाउँछ, त्यो भने प्रतिक्षाको विषय हो । चुनावका बेलामा नगारिकसँग करार गरेको र बाचापत्रअनुसार अघि बढ्ने रास्वपाको निर्णय भइसकेकाले सरकारले आफैले कोरेको लक्ष्मण रेखा नाघ्ने छैन भन्ने विश्लेषण भइरहेको छ । रास्वपा र बालेन सरकार समाजशास्त्रीय र नैतिक बन्धनबाट बाँधिएको छ ।

गत भदौ २३ र २४ को आन्दोलन र विध्वंश राजनीतिक दुस्वप्न हो । यो दुस्वप्नको कारक बहुदलदेखि लोकतन्त्रसम्म एकछत्र आलोपालो शासन गरेका नेता र पार्टीहरू नै हुन् । तिनले आरोपका लागि रास्वपा र बालेन सरकारमाथि आरोप लगाउन सक्छन्, असफल पार्न जे पनि भन्न सक्छन् ।

हालैको एउटा घटना अमेरिकी सहायक विदेशमन्त्री समीर पाल कपुरले नेपाल भ्रमण गरेका थिए । उनले ६ थान हेलिकोप्टर नेपाललाई उपहार दिने प्रस्ताव गरेका थिए तर बालेन सरकारले लिन चाहेन । त्यसपछि भारतका लागि अमेरिकी राजदूत तथा अमेरिकी राष्ट्रपतिका प्रतिनिधिका रूपमा गोर नेपाल आएका थिए । उनले परराष्ट्रमन्त्री र रास्वपाका सभापतिलाई भेटे, अपर मुस्ताङ पुगेर ड्रोन उडाएर फर्किए । प्रम बालेनले गोरलाई समय अभावका कारण देखाएर भेटेनन् । बालेन सरकार यस्तो सरकार हो, जसले भूराजनीतिक खेलबाट नेपाललाई बचाएर नेपालको छविलाई अग्ल्याउने प्रयास गरेको छ । यो देखेर एउटा सचिव आउँदा पनि होटल द्वारिकाजमा लाइन लागेर भेट्न दौडने पुराना सत्ताका नेताहरू चकित परेका छन् । भारतले दुईपल्ट भ्रमणको आग्रह गर्दा पहिले एजेण्डा तय गर्न भनेका छन् । फोटोमात्र खिचाउन आउन नसक्ने जवाफ फर्काएका छन् । नेपालमा रहेका कुनै पनि कूटनीतिज्ञले प्रम बालेन्द्र साहलाई पहिलेजस्तो सहजै भेट गर्न पाउने स्थिति समाप्त भएको छ । कूटनीतिक मर्यादा कायम भएको छ ।

यसबाहेक प्रम बालेनले खुलासा गरिदिए- सरकारले कुनै पनि सैनिक गठबन्धनमा सहभागी नहुने बताएर नेपालको शक्तिशाली सरकारको परिचय दिने काम पनि प्रमले गरेका छन् ।

१५ सय ४० जनाको राजनीतिक नियुक्ती खारेज भएको छ । २६ हजार पूर्व पदासीनहरूको सम्पत्ति छानबिन सुरू भइसक्यो । अब सरकारले गर्ने कुनै पनि नियुक्ती र पदपूर्तिमा आश्चर्यजनक दृश्यहरू देखिने अनुमान गरिएका छन् । प्रम बालेन्द्र साह भन्छन्- **म पैसा कमाउन पदमा आएको होइन । जनताको आँसु पुछ्ने छु । भ्रष्टाचारीमाथि कुनै छुट दिनेछैन ।** राजनीतिमा सुनामी आयो ।

रास्वपाको जीत र बालेन सरकार, विहानीले दिउँसो घाम लाग्छ भन्ने संकेतचाहिं दिएको छ । हीरा हो कि किरा ? स्टण्ट हो कि यथार्थ ? समयक्रममा सबैले देख्दै जानेछन् ।

२०८२ र ०८३ साल नेपाली राजनीतिले यूटर्न लिएको वर्ष बन्यो । अब राजनीति अपराधीक चक्रव्यूहबाट मुक्त हुनुपर्छ, नैतिक बन्धनबाट बाँधिनुपर्छ । राजनीतिमा नैतिकता गढ्यो भने सुशासन स्वतः आउनेछ ।

अन्धकार जनतालाई स्वीकार भएन र वर्तमान कालखण्डको उदय भएको हो । यथार्थ यही हो, यो राजनीतिक अपराधशाला जनताले नकारेका छन्, भत्काएका छन् । भ्रमबाट मुक्तीको खोज यो राजनीतिक परिवर्तन हो ।

यतिबेला नेपाल फेरि विश्व नजरमा परेको छ । रामराज्य नहोला, जनताले अपनत्व लिने हाम्रो सरकार छ, हामीलाई सरकारले हेर्छ भन्ने भरोसा देखियो भने परिवर्तनको सार्थकता सुरू भयो भन्ठान्दा हुन्छ । शंका गर्ने, आक्षेप लगाउने, झगडा झिक्ने काम पुरानाले गर्नु अक्षमता र अकर्मण्यता हो । अनुभवहीन छन्, कमजोरी देखियो होला । त्यसको आलोचना गर्ने होइन, सकिन्छ, तिनलाई सुमार्ग देखाउने, सकिन्न, सच्चिन दिनु उचित हुनेछ । किनकि खरानीबाट देश उठाउँछु भन्नेलाई किन मौका नदिने ?

बहुदल, लोकतन्त्रको आवरणमा देखिएका नैतिकहीनताको चक्र पूरा भएको छ । जेनजी पुस्ताले भ्रष्ट, अनैतिक अध्याय पल्टाएको छ । समयक्रममा देखिनेछ कि जनताप्रति जवाफदेहीता कायम भयो कि भएन ?

बालबालिकाले बलिदान दिए, मृतकहरू जिवन्त छन्, अमर छन् । तिनको अमरता जिवित हुनका लागि पनि परिवर्तन फलदायी हुनुपर्छ ।

बलिदानी बालबालिकाको सपनाको भार रास्वपा र प्रम बालेनको काँधमा छ । त्यो पुरा हुनैपर्छ ।












# कालापानी काठमाडौंलाई किन दुख्दैन ?

**गणेशसिंह ठगुन्ना–**

***(भारत र चीनले कैलाश मानसरोवर तीर्थयात्रीका लागि निकास खोलेका छन् । यो बेलामा बालेन्द्र सरकारलाई उपयोगी हुनसक्छ, यो लेख )***

केही वर्ष अघि जनसरोकार अभियानले *सीमा विवाद र समाधान'* विषयमा अन्तरक्रिया कार्यक्रम गरेको थियो । तत्कालीन दार्चुलाका सांसद गणेशसिंह ठगुन्नाले भारतले कालापानी फिर्ता गर्दैन भने नेपालले अल्मोडासम्म दावी गरोस् भन्ने विचारोत्तेजक धारणा अगाडि ल्याएका थिए ।

ठगुन्नाको अभिव्यक्ति थियो- बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि धेरै ठाउँमा धेरै व्यक्तिले भारतले नेपाली भूमि मिचेको कुरा उठाए । जब स्वर्गीय प्रेमसिंह धामीले संसदमा प्रतिनिधित्व गर्नुभयो, उहाँले यो मुद्दालाई संसद, सडक र सार्वजनिक मञ्चमा उठाउनुभयो । उहाँले *कालापानी काठमाडौंलाई किन दुख्दैन ?'* भन्ने शीर्षकको चर्चित लेख प्रकाशित गर्नुभयो । त्यसपछि यसले भावनात्मक रूपमा नेपाली जनतालाई जोड्ने अवसर प्रदान गर्‍यो ।

गौरवपूर्ण विगत भएका हामीले अहिले यो मुद्दाको समाधान गर्न सकेनौँ भने राष्ट्रमाथि कलंकको टीका लाग्नेछ । कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत अन्य ठाउँमा पनि भारतले नेपाली भूमि अतिक्रमण गरेको छ । हाम्रो जस्तो मुलुकको झन्डै ७०० वर्ग किलोमिटर भूमि विदेशी अतिक्रमणमा पर्नु राष्ट्रिय समस्या हो । कालापानी मार्च गर्दा 'कस्टडी'मा परें २०५४ सालमा म जिल्ला विकास समितिको सभापति थिएँ । त्यो बेला हामीले दुई पटक यो मुद्दालाई उठाएर कालापानीसम्मको मार्च गर्‍यौं । दोस्रो पटकको कालापानी मार्चपछि दिपायलमा राष्ट्रियसभाको चुनावमा भोट हाल्न आउनुपर्ने थियो । दार्चुलाबाट नेपाल भएर सडक यातायात जोडिएको थिएन । त्यति बेला दिपायल आउने समय कम थियो । भारतको धारचुला भएर कञ्चनपुर आउने र दोस्रो दिन दिपायल गएर मतदान गर्ने तयारी गरेका थियौँ । गाडी चढ्न धारचुला जाँदै थियौँ । भारतको प्रहरीले चेकपोस्टमा मलाई रोक्यो । भारतीय प्रहरी र अर्ध सैनिक बलले 'तपाईं यहाँबाट जान सक्नुहुन्न । तपाईंमाथि अनुसन्धान हुन्छ, भारत विरोधी क्रियाकलाप गरेको हुनाले मुद्दा चल्छ' भने । मैले 'ठीक छ मुद्दा चलाउनुस्' भने । राष्ट्रको अगाडि कुनै पनि कुरा ठुलो हुँदैन । सबै गौण हुन्छ । हाम्रो अगाडि पनि भौगोलिक अखण्डताको प्रश्न खडा भएको छ । यसको अगाडि अन्य कुनै पनि समस्या गौण हुन् । त्यस कारण सिंगो राष्ट्रले भूमि अतिक्रमणको विरोध र सीमा सुरक्षा गर्नुपर्छ । मलाई कस्टडीमा लिएपछि हल्ला भयो । जिविस सभापति भारतको कस्टडीमा पर्‍यो भन्दा नेपाल र भारतका अफिसर आएका थिए । नेपालबाट गएको अफिसरले 'उहाँ हाम्रो जिल्ला विकास समितिको सभापति हो, यस्तो गर्न मिल्दैन' भन्यो । तर त्यहाँको प्रहरीले के भन्यो भने, 'जोसुकै होस्, तपाईंका सभापति होस् कि मन्त्री र भारतका गृहमन्त्री नै भए पनि देशभन्दा माथि कोही हुन सक्दैन । यो हाम्रो राष्ट्रको कुरा हो, सिमानाको कुरा हो । भारतको गृहमन्त्रीले त्यसो गरेको भए पनि हामी पक्राउ गर्नेछौं ।' त्यसपछि लामो छलफल भयो र भारतको बाटो मैले प्रयोग गर्न नपाउने सर्तमा छोडियो । त्यसपछि रातदिन गरेर नेपालको बाटो हिंडेर दिपायल आउनुऱ्यो । यो अनुभव किन सुनाएको भने राष्ट्रको अगाडि कुनै पनि कुरा ठुलो हुँदैन । सबै गौण हुन्छ । हाम्रो अगाडि पनि भौगोलिक अखण्डताको प्रश्न खडा भएको छ ।

जनतालाई भारतीय प्रलोभन कालापानीको गर्ब्याङसम्मै वि. सं. २०१८ सालमा नेपालले मालपोत उठाएका प्रमाण छन् । भारतले अतिक्रमण गरेका चार गाउँबाट त्यतिबेला नेपाल सरकारलाई तिरो तिर्ने, सरकारले तालुकदार तोक्ने, जग्गाको सम्पूर्ण काम गर्ने र जनगणना गरेका प्रमाण हामीसँग छन् । पछिसम्म पनि कुनै न कुनै हिसाबले त्यहाँ नेपालको शासन चलेको देखिन्छ । महत्वपूर्ण कुरा के पनि हो भने नक्सा भूमि कोरेर शासन हुँदैन । शासन भनेको कानुनले मात्रै निर्धारण गरेर हुँदैन । त्यहाँका जनताको माया र ममता राष्ट्रसँग जोडिनुपर्छ । त्यहाँका जनताहरू कुन राष्ट्रसँग जोडिए त्यसले महत्व राख्छ । त्यहाँका जनताले मानेनन् भने सीमा मात्रै राखेर अर्थ राख्दैन । त्यो क्षेत्रमा ब्यासी सौका समुदाय बस्छन् । नेपालको लागि विशिष्ट समूहमा पर्ने समुदायको त्यहाँ बसोबास छ । उनीहरूको छुट्टै बोली, भाषा, रहनसहन, संस्कृति र इतिहास छ । भारत र नेपालतिर बस्ने समुदाय एउटै हो । भारतले त्यो क्षेत्र अतिक्रमण गरेलगत्तै उनीहरूलाई अनुसूचित जनजातिमा समावेश गऱ्यो । उनीहरूलाई प्रशासनदेखि सबै ठाउँमा आरक्षण दियो । शिक्षा र सेवाका क्षेत्रमा विशेष सुविधा दिएर प्रवेश गरायो । सिमानामा उनीहरूका लागि सस्तो सामान उपलब्ध गरायो । जसका कारण उनीहरूको भावना नेपालभन्दा पनि भारततिर जोडिँदै गएको हो । दार्चुलामा भारतले चरणबद्ध अतिक्रमण गरेको छ । पहिलो चरणमा लिम्पियाधुराबाट लिपुलेकसम्म अतिक्रमण भयो । त्यतिबेला तीनवटा गाउँ उता पारिए । दोस्रो चरणमा लिपुलेकदेखि कालापानीसम्म अतिक्रमण भयो । कालापानी भन्ने त अहिलेको अन्तिम स्थान हो । त्यहाँ हामी पनि जान सक्छौं । त्यहाँ भारतीय सीमा सुरक्षा बल र इन्डो टिबेटियन फोर्स छ । त्यसको सहयोगका लागि भारतीय सेना तैनाथ छ । भारतले त्यो क्षेत्र अतिक्रमण गरे लगत्तै



उनीहरूलाई अनुसूचित जनजातिमा समावेश गऱ्यो । भारतले लिपुखोलालाई पनि महाकाली भनेर अतिक्रमण गरेको थियो । सन् १९६२ मा भारत र चीनबीच युद्ध भयो । भारतले लिपुखोलाबाट पनि यता आएर अहिलेको कालापानी स्थापना गरेको हो । हाम्रो गाउँघरमा अहिलेको भारतले भनेको कालापानीलाई त खोला पनि भन्दैन, कुलो भन्छौं । अहिले भारतले एक कुलो पानी भएको सानो खोल्सोमा मन्दिर बनाएर तेस्रोपटक अतिक्रमण गरेको हो । अहिले त्यही कुलोलाई 'यो कालापानी हो' भनेर अतिक्रमण गरेको छ । उनीहरूले पहिले कुटियाङ्दीलाई नमानेर लिपुखोलालाई महाकाली भनेर त्यहाँसम्म आए । अहिले सानो कुलोलाई कालापानी भनेर त्यहाँसम्म आएका छन् । यस्तो अवस्थामा भारत कुनै पनि आधारमा नेपाली भूमिमा टिक्न सक्दैन । सुगौलीसन्धिमा लिखित महाकाली नदी लिम्पियाधुराबाट बग्नेवाला हो । पानीको बहाव, तत्कालीन ब्रिटिस सरकारले जारी गरेका नक्सा र भएका नक्साहरू प्रमाण छन् । लिपुलेक, कालापानी नेपालका लागि अन्तिम बिन्दु होइनन् । ती त भित्रका दोस्रो, तेस्रोपटक अतिक्रमित भूमि हुन् । लिम्पियाधुराबाट निस्किने कुटियाङ्दी (महाकाली) सीमा नदी स्थापना गर्न सक्यौं भने सबै समस्या समाधान हुनेछ ।

त्यो क्षेत्र भारतका लागि सैन्य रणनीतिक महत्वको हो । त्यस कारण भारतीय सैनिकको उपस्थिति व्यापक छ ।

सरकारले कूटनीतिक तहबाट सीमा समस्या समाधान गर्न लाग्नुपर्छ ।

# शहरहरूमा सुकुम्वासी बस्ती र बस्ती व्यवस्थापन



**डा. केदार कार्की**

विश्व जनसंख्याको एक तिहाइ वा एक अर्ब मानिसहरू सुकुम्बाशी बस्तीमा बस्ने अनुमान गरिएको छ । विश्वमा झुपडी बस्तीमा बस्ने जनसंख्याको सबैभन्दा ठूलो अनुपात एसियाली क्षेत्रमा छ, जुन शहरीकरणको सबैभन्दा तीव्र दर पनि अनुभव गरिरहेको छ । २००१ मा, एसियामा ५५ करोड ४० लाख सुकुम्बाशी बस्तीमा बासिन्दा थिए, जुन कुल विश्व जनसंख्याको ६०% हो । दक्षिण एसियाको जनसंख्या, सुकुम्बाशी बस्तीमा कुल शहरी जनसंख्याको ५८% थियो भने पूर्वी एसियामा ३६.४% र दक्षिणपूर्व एशियामा २८% थियो । दक्षिणपूर्वी एसिया, जहाँ शहरी जनसंख्या कुल जनसंख्याको ३८.३% ओगटेको छ, शहरी जनसंख्याको २८% सुकुम्बाशी बस्तीमा बसोबास गर्दछ ।

ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा तीव्र गतिमा भइरहेको बसाइँसराइ, चरम गरिबी र किफायती आवासको अभावका कारण नेपाली शहरी क्षेत्रहरू, विशेष गरी काठमाडौं, पोखरा र तराईका औद्योगिक शहरहरूमा झुपडी र अनौपचारिक सुकुम्बासी बस्तीहरू (स्थानीय रूपमा सुकुम्बासी बस्ती भनेर चिनिन्छ) निरन्तर बढिरहेका छन् । नेपालको शहरी जनसंख्याको अनुमानित १०% त्यस्ता बस्तीहरूमा बस्छन्, जसमध्ये धेरै बागमती जस्ता नदी किनारका क्षेत्रहरूमा अवस्थित छन् ।

"सुकुमबाशी बस्ती' शब्द प्रायः शहरहरूमा अनौपचारिक बस्तीहरू वर्णन गर्न प्रयोग गरिन्छ जहाँ अपर्याप्त ठाउँ छ र बस्ने अवस्था अत्यन्तै खराब र दयनीय छ । यी सुकुमबाशी बस्तीहरूमा पानी, सरसफाइ, फोहोर संकलन, वर्षाको निकास, सडक बत्ती, पक्की फुटपाथ, र आपतकालीन पहुँच सडकहरू जस्ता आधारभूत नगरपालिका सेवाहरूको अभाव छ । धेरैजसो बस्तीहरूमा विद्यालय, अस्पताल वा सार्वजनिक भेला हुने ठाउँहरूमा सजिलो पहुँचको पनि अभाव छ । धेरै बस्तीहरू लामो समयदेखि, केही शहरहरूमा २० वर्षभन्दा बढी समयदेखि सेवाहरूबाट वञ्चित छन्, र अपरिचित छन् ।

सबै अनौपचारिक बस्तीहरू जस्तै, सुकुमबाशीबस्तीहरू जग्गामा बनाइएका छन् जसमा बासिन्दाहरूको कुनै कानुनी दाबी छैन, र कुनै शहरी योजना वा क्षेत्र निर्धारण नियमहरू छैनन् । यसबाहेक, बस्तीहरू प्रायः ती क्षेत्रहरू हुन् जहाँ धेरै सामाजिक सूचकहरू घट्दैछन्; उदाहरणका लागि, अपराध र बेरोजगारी बढ्दै गएको छ । सबै सुकुमबाशी बस्तीहरू समान हुदैनन्, र केहीको जीवन अवस्था अरू भन्दा राम्रो छ । त्यसैगरी, बस्तीवासीहरू एकरूप जनसंख्या होइनन्, तर फरक रूचि, स्रोत र पृष्ठभूमि भएका मानिसहरूको विविध समूह हुन् । सुकुमबाशीबस्तीहरू पनि एक प्रमुख आर्थिक शक्ति हुन् । धेरै शहरहरूमा, शहरी जनसंख्याको ६० प्रतिशतसम्म अनौपचारिक क्षेत्रमा कार्यरत छन् । आज, विश्वभर एक अर्बभन्दा बढी मानिसहरू सुकुमबाशी बस्तीमा बस्छन् ।

यु एन -हैबिटाट ले सुकुमबाशी बस्तीलाई शहरी क्षेत्रमा एउटै छानामुनि बस्ने मानिसहरूको समूह भनेर परिभाषित गर्दछ जसमा निम्न मध्ये एक वा बढीको अभाव हुन्छ :

चरम मौसमबाट बचाउने स्थायी रूपमा टिकाउ आवास । पर्याप्त बस्ने ठाउँ, जसको अर्थ तीन जनाभन्दा बढी मानिसहरूले एउटै कोठा साझा गर्दैनन् । किफायती मूल्यमा सजिलै पहुँचयोग्य र सजिलै उपलब्ध सफा पानी । निजी वा सार्वजनिक शौचालय जस्ता पर्याप्त सरसफाइ सुविधाहरू, जुन उचित संख्यामा मानिसहरूले साझा गर्न सक्छन् ।

शहरी सुकुमबाशी बस्तीहरू कुनै नयाँ घटना होइनन् । तिनीहरू धेरैजसो शहरहरूको इतिहासको हिस्सा भएका मानिनछन्, विशेष गरी शहरीकरण र औद्योगिकीकरणको प्रारम्भिक वर्षहरूमा जब जनसंख्या बढ्दै गयो । सुकुमबाशी बस्तीहरू सामान्यतया शहरहरूमा गरिबहरूका लागि किफायती र पहुँचयोग्य एक मात्र प्रकारको बस्ती हो, जहाँ जग्गा र नाफाको लागि प्रतिस्पर्धा तीव्र हुन्छ ।

सुकुमबाशीबस्तीहरू विकास हुनुका दुई मुख्य कारणहरू छन्:

१. जनसंख्या वृद्धि:

विश्वमा द्रुत रूपमा शहरीकरण भइरहेका छन् किनकि धेरै मानिसहरू ग्रामीण क्षेत्रहरूबाट शहरहरूमा बसाइँ सर्छन् र प्राकृतिक जनसंख्या वृद्धि जारी छ । आज, विश्वको आधा भन्दा बढी जनसंख्या शहरी क्षेत्रमा बसोबास गर्छ । यो शहरी वृद्धिको ९० प्रतिशतभन्दा बढी विकासशील संसारमा भइरहेको छ ।

२. शहरी बसाइँसराइ

केही मानिसहरू प्राकृतिक प्रकोप वा दिगो पारिस्थितिक परिवर्तन जस्ता कारकहरूले आफ्नो उत्पत्ति स्थलबाट बाहिर धकेलेका कारण बसाइँसराइ गर्छन् । अरूलाई राम्रो रोजगारी सम्भावना, शिक्षा, स्वास्थ्य सुविधाहरू, वा प्रतिबन्धात्मक सामाजिक वा सांस्कृतिक वास्तविकताबाट स्वतन्त्रताले नयाँ गन्तव्यमा तानिन्छ ।

कृषिबाट कम आय । ग्रामीण क्षेत्रका अधिकांश मानिसहरू कृषि क्षेत्रमा काम गर्छन्, जुन मौसममा अत्यधिक निर्भर छ । साथै, ग्रामीण जमिन सीमित छ, यसको उर्वरता कहिलेकाहीं कम वा घट्दो छ, जमिनको स्वामित्व सानो छ, कृषि ऋण उच्च छ, र धेरै घरपरिवार भूमिहीन भएका छन् ।

राम्रो रोजगारीको सम्भावना । ग्रामीण क्षेत्रको तुलनामा, शहरी क्षेत्रहरूले नाटकीय रूपमा बढेको रोजगारीका अवसरहरू प्रदान गर्दछ । यसको अतिरिक्त, शहरी संस्कृतिहरू प्रायः गाउँको भन्दा कम सीमित भएकाले, शहरहरूले पनि माथिल्लो सामाजिक गतिशीलताको बढी सम्भावनाहरू प्रदान गर्न सक्छन् ।

मानिसहरूलाई थाहा छ कि शहरहरूले तिनीहरूलाई के प्रस्ताव गर्न सक्छन् । धेरैजसो आप्रवासीहरूले ग्रामीण क्षेत्रमा बस्ने वा छोड्ने जानाजानी छनौट गर्छन् । सुधारिएको यातायात, सञ्चार र पहिलेका आप्रवासीहरूसँगको सम्बन्धले ग्रामीण जनसंख्यालाई शहरी जीवनको फाइदा र बेफाइदाहरू, विशेष गरी रोजगारीका अवसरहरू र आवासको बारेमा धेरै सचेत बनाएको छ ।

कहिलेकाहीं, ग्रामीण घरपरिवारहरू आफ्नो आयको स्रोत विविधीकरण गर्न र आर्थिक मन्दीको लागि कम जोखिममा पर्न विभाजित हुन्छन् ।

सुकुमबाशी बस्तीहरूप्रतिको साझा नीतिगत दृष्टिकोण - सुकुमबाशी बस्तीहरूलाई फोहोर, असुरक्षित र कुरूप मानिन्छ । यदि आधुनिक, व्यवस्थित शहर निर्माण गर्न चाहने हो भने, तिनीहरूलाई हटाउनु पर्छ । तिनीहरूलाई त्यहाँ ल्याएको अवस्थालाई सम्बोधन नगरी तिनीहरूको घर भत्काउँदा समस्यालाई अर्को - प्रायः खराब - ठाउँमा सारिने छ ।

अनुभवले यो कुरा पुष्टि गर्छ । १९६८-७५ सम्म, ब्राजिलको सैन्य सरकारले रियो दि जेनेरियोमा एक विशाल सुकुमबाशी बस्ती हटाउने अभियान सुरू गर्‍यो, जसले गर्दा लगभग ५०,००० परिवारहरू शहरको बाहिरी इलाकामा रहेका आवास परियोजनाहरूमा सर्न बाध्य भए । १९७० मा यसको ध्वस्त हुनुभन्दा अघि लागोआमा लगभग १५,००० मानिसहरूलाई प्रमुख घर जग्गामा बसोबास गर्ने क्याटाकुम्बा फभेलाका बासिन्दाहरूले घरायसी आम्दानीमा गिरावट, उच्च आवागमन लागत र स्थानान्तरण पछि रोजगारीमा पहुँचमा कमी आएको अनुभव गरे । यसैबीच, फभेलाको समग्र जनसंख्या बढ्दै गयो । यस्तै ढाँचा आदिस अबाबा, लागोस र मुम्बईमा पनि दस्तावेज गरिएको छ, जहाँ एक ठाउँमा हटाइएका सुकुमबाशी बस्तीहरू अन्यत्र मात्र देखा परे ।

धेरै कम शिक्षा स्तर भएका परिवारहरूका लागि, सुकुमबाशी बस्तीहरूले शहरी आर्थिक जीवनमा प्रवेश बिन्दु प्रदान गर्न सक्छन् । ग्रामीण क्षेत्रहरूको तुलनामा, तिनीहरूले रोजगारी र विद्यालयहरूमा राम्रो पहुँच प्रदान गर्छन् । सुकुमबाशीबस्तीहरूले घरपरिवारहरूलाई आर्थिक भऱ्याङको खुड्किलामा पुग्न मद्दत गर्न सक्छन् तर माथि चढ्न रोक्न सक्छन् ।

सुकुमबाशी बस्तीको निर्माणमा विद्यालय शिक्षाले प्रमुख भूमिका खेल्छ: कम शिक्षा भएकाहरू आफ्ना बच्चाहरूको जीवन राम्रो होस् भन्ने चाहन्छन्, शहरमा बस्न सक्दैनन् ।

सुकुमबाशीबस्तीहरू गतिशील प्रणालीहरू हुन् जुन निरन्तर नवीकरण भइरहेका छन् । असफलताको लागि एक उपाय - भत्काउने र जबरजस्ती पुनर्वासद्वारा सुकुमबाशीबस्तीहरू हटाउने प्रयास गर्नुको सट्टा - नीति निर्माताहरूले रोजगारी उपलब्धता, आवास किफायतीता र गुणस्तरीय शिक्षामा पहुँचमा रहेको गहिरो खाडललाई सम्बोधन गर्नुपर्छ ।

शहरीकरण बढ्दै जाँदा, झुपडीवासी सुकुमबाशी हरूलाई औपचारिक अर्थतन्त्रमा एकीकृत गर्नमा ध्यान केन्द्रित गर्न आवश्यक हुनेछ, विशेष गरी उनीहरूका बच्चाहरूलाई राम्रो गुणस्तरको विद्यालयमा पठाएर । तर शिक्षा त पहिलो कदम मात्र हो । बजारमा किफायती आवास सजिलै उपलब्ध नभएको र लामो दैनिक यात्रा धान्न नसकिने भएकोले, सरकारले शिक्षा र आवास दुवैलाई सम्बोधन गर्ने रणनीति विकास गर्नुपर्छ ।

सुकुमबाशी बस्तीहरू आवश्यक भएकाले अस्तित्वमा छन् । मानिसहरूसँग राम्रो विकल्प नभएसम्म, तिनीहरू फस्टाउँदै जानेछन् । नीति निर्माताहरूको कामबल प्रयोगद्वारा सुकुमबाशी बस्तीहरूलाई हटाउनु होइन, तर शैक्षिक अवसरहरू र बासिन्दाहरूलाई आवश्यक पर्ने ठाउँहरू बीच सन्तुलन प्रवर्द्धन गरेर समयसँगै तिनीहरूलाई अप्रचलित बनाउनु हो ।



# Nepal Is Not a Buffer State. It Needs a Strategy to Prove It.

By: Galab Bahadur Dhungana

The recent grabNEWS episode "Nepal Is Not a Buffer State," featuring Bhusan Dahal, reflects a profound shift in Nepali consciousness by challenging the reductionist lens that has long framed the country as a passive geographic cushion between larger powers. This framing is not neutral. It has historically shaped who negotiates, who is consulted, and whose sovereign claims are treated as consequential. Nowhere is this more evident than in the dispute over Lipulekh, Kalapani, and Limpiyadhura. To move beyond this imposed identity, Nepal must articulate a strategic doctrine rooted in sovereign self-determination rather than geography. That doctrine rests on two complementary pillars: the formalization of Nepal as a Zone of Peace and the declaration of the country as a Green Economic Zone. Together, they define a future in which Nepal is not a corridor for others but a sovereign hub of its own making.

Nepal's claim to its western frontier is grounded in the Treaty of Sugauli, which established the Kali (Mahakali) River as the boundary, with all territory to its east belonging to Nepal. Early British surveys conducted between 1819 and the late 1820s, among the first attempts to translate the treaty into mapped geography, identified Limpiyadhura as the source of that river, placing the disputed territories squarely within Nepal. Subsequent agreements failed to resolve the issue. The Agreement on Trade and Intercourse Between Tibet Region of China and India, signed by Jawaharlal Nehru and Zhou Enlai, identified Lipulekh as a functional trade and pilgrimage route without adjudicating sovereignty and without Nepal as a party. Similarly, Nepal's 1960 and 1961 boundary settlements with China under King Mahendra and B. P. Koirala carefully delineated the northern frontier without assigning Lipulekh to India or modifying the Sugauli framework. This silence underscores that the legal landscape remains unresolved between Kathmandu and New Delhi, despite the persistent Indian military presence established after the Sino-Indian War. Nepal reaffirmed its position on June 18, 2020, by amending its constitution to incorporate an updated national map, including these areas, into its official emblem.

The first pillar of this future is the revival of the vision proposed by King Birendra on February 24, 1975, during his coronation, to recognize Nepal as a Zone of Peace. This was a calculated act of strategic diplomacy designed to institutionalize neutrality and prevent Nepal from being drawn into regional conflicts. King Birendra understood that a formally recognized neutral status would render the presence of foreign military forces within Nepal's claimed territory fundamentally incompatible with its international standing. The proposal ultimately received endorsements from more than 116 countries, representing a substantial majority of states at the time, when the total number of countries globally was in the mid-150s. Yet the initiative faltered where it mattered most. India did not endorse it. The Soviet Union, while initially receptive, did not sustain its endorsement amid its strategic alignment with India, and several aligned states likewise refrained from endorsing.

Retabling the Zone of Peace today is not an exercise in nostalgia, but a strategic reset. It serves as Nepal's own "iron dome" against external intervention and coercion, a doctrine that seeks to shield the country from the competing pressures of larger powers. More importantly, it provides clarity. It allows Nepal to understand who its genuine partners are, and why some may hesitate to support even this most basic assertion of sovereign neutrality. In the present context, renewed endorsement of the Zone of Peace would not only reinforce Nepal's geopolitical standing but also create the necessary space to focus on the next imperative: securing economic independence.

The second pillar is the declaration of Nepal as a Green Economic Zone, representing a structural shift from remittance dependence to domestic value creation. Nepal's greatest asset is its renewable energy potential, which positions the country to become a producer of clean industrial output in a decarbonizing global economy. A Green Economic Zone would prioritize domestic industrial transformation by focusing on energy-intensive sectors such as green hydrogen, ammonia, and urea production. Instead of exporting raw electricity at relatively low value, Nepal would convert its clean energy into high-value strategic exports. This approach aligns with global capital flows increasingly directed toward decarbonized supply chains while addressing Nepal's structural trade imbalance, including its heavy dependence on imported petroleum, which accounts for a significant share of total imports.




Nepal has reached a decisive moment. The question is no longer whether it sits between larger powers, but whether it will continue to be defined by them. The answer hinges on unity as much as strategy. Neither the Zone of Peace nor the Green Economic Zone can endure without firm, cross-party endorsement that elevates these pillars beyond electoral cycles into binding expressions of national will. This is not political symbolism. It is the foundation of state credibility, the signal that attracts long-term global capital, and the condition that allows Nepal to negotiate from strength rather than accommodation. Without that cohesion, even the most sound doctrine risks dilution at the moment it matters most.

The Zone of Peace offers protection. The Green Economic Zone offers power. Together, they form the architecture of sovereignty in the 21st century. If Nepal institutionalizes them with unified resolve, it will no longer be a space where others project influence, but a state that defines the terms of engagement. If it does not, the label of a buffer will persist, not because it reflects reality, but because it remains useful to others. Nepal is not a buffer state. But sovereignty, if not asserted collectively and consistently, is eventually interpreted by others. The time to define it - decisively and together - is now.



# The Gulf's Quiet Financial Reckoning

By M A Hossain

There is a certain irony in seeing some of the world's richest countries quietly ask the United States for financial relief. For decades, the Gulf monarchies cultivated an image of inexhaustible wealth: sovereign funds the size of nations, skylines raised from desert sands, and hydrocarbon revenues so vast that deficits seemed like a problem for lesser states. Yet history has a habit of humiliating assumptions. Wealth can evaporate into illiquidity. Rich countries, too, can run short of cash. And when the global system tightens, they often discover that real power still resides not in oil wells, but in the printing press of the U.S. dollar.

That appears to be the logic behind recent discussions over currency swap lines between Washington and several Gulf states, particularly the United Arab Emirates. The request is not for charity. It is for access. In modern finance, those are not the same thing.

A currency swap line is one of the least understood but most consequential tools in international economics. It allows a foreign central bank to exchange its own currency temporarily for dollars from the U.S. Federal Reserve, then reverse the transaction later. No grants. No bailout in the theatrical sense. Merely emergency liquidity. But in moments of crisis, liquidity is everything.

Ask Britain in 1931, when sterling's weakness exposed the fragility of imperial finances. Ask South Korea in 2008, when dollar shortages intensified panic during the global financial crisis until Federal Reserve swap lines restored calm. Ask Europe in 2020, when pandemic-era disruptions again made the dollar scarce, forcing the Fed to reopen facilities to allied central banks. In each case, the issue was not long-term solvency. It was immediate access to the currency that lubricates global trade. That currency remains the dollar.

The Gulf economies understand this better than most. Their oil exports are priced overwhelmingly in dollars. Their currencies are pegged, formally or informally, to the dollar. Their reserves are invested heavily in dollar assets. Their domestic banking systems depend on dollar flows. Remove those flows long enough, and even states with large balance sheets begin to feel strain. This is where geopolitics enters the ledger.

Any conflict that disrupts shipping lanes in the Gulf—especially through the Strait of Hormuz—threatens not only energy supply but the monetary architecture built around it. A prolonged interruption in exports means fewer incoming dollars, rising pressure on pegs, tighter domestic liquidity, and nervous markets. It does not take insolvency to produce instability. It takes uncertainty. So the Gulf states are behaving rationally. They are seeking insurance.

The more interesting question is whether the United States should provide it.

There is a strong argument in favor. If Washington wants to preserve the dollar's global role, it must occasionally act as steward of the system. Reserve currency status is not maintained by speeches about American greatness. It is maintained by reliability. Nations hold dollars because they trust that in moments of stress, dollar markets will function and America will not weaponize access capriciously.

That was one lesson of the 2008 crisis. The Federal Reserve's swap lines did more than calm markets; they reaffirmed U.S. centrality. At a time when many predicted American decline, the crisis instead reminded the world that when panic strikes, everyone still runs toward the dollar.

The Gulf requests present a similar opportunity. By extending temporary facilities to key partners, Washington could reinforce alliances, stabilize markets, and discourage a drift toward alternative payment systems dominated by Beijing. Every time a country doubts access to dollars, it has an incentive to experiment with yuan settlements, gold mechanisms, or regional clearing systems. None can yet rival the dollar. But erosion rarely begins dramatically. It begins gradually, through hedging.

Still, caution is warranted.

Swap lines are not costless diplomatic favors. They are signals. To grant one is to imply institutional trust, policy confidence, and strategic closeness. Historically, the Federal Reserve has reserved permanent swap lines for a narrow club: major advanced economies such as the eurozone, Japan, Britain, Canada, and Switzerland. Extending such privileges more broadly raises questions of precedent.

If the UAE receives one, why not Saudi Arabia¿ If Saudi Arabia, why not Turkey¿ If Turkey, why not every strategically useful but financially pressured partner¿ Soon a prudential instrument risks becoming a geopolitical bargaining chip.

There is also the moral hazard problem. States that assume Washington will provide dollar liquidity may take greater external risks, maintain rigid pegs longer than prudent, or neglect domestic reforms. One reason financial crises can be cleansing is that they expose bad habits. Easy rescues can preserve them.

Then there is the Trump factor.

Donald Trump's instinct in foreign policy has often been transactional: allies are clients, commitments are leverage, economics is theater. That can produce tactical wins, but it rarely builds durable trust. If swap lines are handled as political favors—granted to flatterers, withheld from critics, linked to unrelated concessions—they cease to be stabilizing instruments and become another source of uncertainty.

Markets dislike uncertainty more than they dislike bad news.

A neutral observer might conclude that both sides are trapped by the same reality. The Gulf states dislike dependence on Washington, yet need access to the system Washington anchors. America dislikes underwriting wealthy partners, yet benefits from the very dependence it complains about. Each resents the other's leverage while relying on it.

That is the essence of empire in its late-modern form: not colonies, but balance sheets.

The wiser course for Washington would be conditional generosity. Temporary, transparent, rules-based swap facilities tied to measurable market stress, not personal diplomacy. Limited tenor. Clear pricing. Strong collateral standards. Coordination with the Federal Reserve rather than improvisation through political channels. In short: treat the matter as central banking, not campaign spectacle.

For the Gulf, the lesson is equally clear. Sovereign wealth is not the same as monetary sovereignty. Owning ports, football clubs, skyscrapers, and foreign equities does not eliminate dependence on the currency in which global trade clears. If anything, such assets often deepen it.

Many countries have learned this the hard way. Argentina had resources but lacked credibility. Russia had reserves but found them vulnerable to sanctions. Britain had prestige but lost monetary primacy. Wealth is situational. Liquidity is power.

That is why one of the world's richest regions may now be seeking what looks, to the untrained eye, like a bailout.

It is not a bailout. It is a reminder.

The reminder is that the dollar remains king, though perhaps a more contested king than before. It is that crises reveal hierarchies more honestly than peacetime rhetoric. And it is that nations boasting independence often discover, in moments of stress, just how interdependent they truly are. The Gulf is asking for dollars because dollars still matter most. America should recognize the leverage that gives it—while remembering that misuse of leverage is how dominance eventually declines.

*M A Hossain is a senior journalist and international affairs analyst, based in Bangladesh. He can be reached at: writetomahossain@gmail.com*

# यता बेच्दै, उतातिर अतिक्रमण पेशेवार –६

जनता अचेतबाट अर्धचेतन हुनु, बढ्दो जनसंख्यालाई आवश्यक्ता अनुसार पेसाको व्यवस्था नहुनु, जनसंख्याको भरमार वृद्धि हुनु, देशको विभिन्न भागमा अनेक प्रकारका दैवी प्रकोप पर्नु, प्राकृतिक (दैवी) सहारा बाहेक खेतीलाई सन्तुलन गर्ने आधुनिक साधन नहुनु, तराईमा मलेरिया उन्मुलन हुनु, नियन्त्रित र सुनियोजित तरीकाबाट खेती गराउने ठोस र दीर्घकालीन कार्यक्रम नहुनु, निजी वन क्षेत्र उन्मुलन हुनु, स्थानीय स्रोत साधन परिचालन गरी नयाँ रोजगार सिर्जना हुनु, पूर्वाधार नबन्नु, नयाँ सीपको विकास नहुनु तथा गैरकृषि क्षेत्रमा व्यवस्थित रोजगारीको विकास नहुनु, सर्वतोमुखी सरकारी संगठन व्यवस्थित नहुनु जस्ता अनेकौं कारणहरबाट पहाडबाट तराईमा बसाईं सर्ने, दुर्गमबाट सुगममा जाने, सुगमबाट हाटबजार, त्यहाँबाट जिल्ला सदरमुकाम र ठूला शहरतिर बसाईं सर्ने कुराले जहींतहीं वन, पर्ती, ऐलानी, सरकारी जमिनमा गैरकानूनी प्रवेश प्रारम्भ भएको हो। समस्या थपिँदै गए। यो चुनौती पूर्ण कुरा अझै कायमै छ।

२०२१ सालमा चितवन उपत्यकामा गरिएको बसोबास कार्य केवल काठमाडौं उपत्यकाको समस्यालाई मात्र हेरेर गरिएकोले अधिराज्यका लाखौं असहाय परिवारको समस्यालाई यसले समाधान गर्न सकेन। त्यसपछि योजनारहित विभिन्न माध्यमद्वारा बसोबास सुरू भयो। यी सबै काम प्रयोगका लागि जस्तै भएर लागू भएपछि सबै निकायहरूको त कुरै छाडौं स्वयं सरकारी कर्मचारीहरूले नै यस्तो अवस्था उत्पन्न गराए। जंगल अतिक्रमण गरेपछि कुनै न कुनै दिन नियमित हुने नै छ भन्ने आम जनतामा भान पर्‍यो, परेकै छ। पुराना खड्गनिशाना दर्ता, आदेश, निर्णय, निजी वन, विर्ता जस्ता चीज त आगोमा घ्यू सरह भए। धेरै पछि यस्तो गैर कानूनी कुराबाट रोक्न थाल्दा उग्ररूप लिई अशान्ति भई असम्भव सावित भयो। फलत: एक ठाउँको जग्गा बेच्दै अरू ठाउँमा अतिक्रमण गर्दै जाने पेशेवार पनि प्रशस्त निस्के। यस्तो क्षेत्र लाखौ विघा पुगिसकेको छ। समस्या भित्रभित्र कुहिनुमा ढाकछोप नै मूल कारण हो। त्यसपछि आजसम्म झन्झन् राजनैतिक कारण हुँदै गयो। विभिन्न ठूलाठूला आयोग बन्दै गए, समस्या थपिँदै गए। मुख बुजो लगाउन चुनाव खर्च गराउन र सहयोगीलाई इनामका रूपमा दिन थुप्रै सुदृढीकरण आयोग बने, अझै छन्। यसरी बसाइँसराइको मात्रा बढाउन र जग्गा माथिको चापलाई तीव्र रूप पार्न सरकारी नीति र राजनीति जिम्मेवार छन्।

प्रति वर्ष ३० हजार जनता तराईमा बसाईं सर्ने गरेको तथ्यांकले पहाडमा जनसंख्याको चाप बढ्ता परेको र यसले तराई र पहाडका बीच आवादी जमिन र कृषि उत्पादन असन्तुलन भएको स्पष्ट गर्दछ। जनसंख्याको वार्षिक बृद्धिदर २ प्रतिशतमा बढ्दै गएबाट पनि पहाडको भूमिले जनसंख्याको भार थाम्न नसक्नु स्वाभाविकै देखिन्छ।

शिक्षा, स्वास्थ्य, बिजुली, यातायात, सञ्चार, बजार आदिको सहुलियत पहाडको तुलनामा तराईमा बढ्ता बढ्यो र तीव्रतर रूपमा प्रगति भएकोले समेत पहाडी जीवन अझ बढी दु:खदायी हुँदै गएको र तराईमा भएका यस्ता नयाँ प्रगतिहरूले तराईको जीवन पहाडको भन्दा बढी आरामदायी भएकोले पहाडको जग्गा छाडी वा बेचबिखन गरी तराईतर्फ बसाइँ सर्ने प्रक्रिया द्रुत गतिमा बढ्दै गएको छ। पहाडमा खान एक परिवारलाई नपुग्ने जग्गा बेचेर तराईमा ३।४ परिवारलाई मनग्य पुग्ने पनि भएकोले यो क्रम झन् बढ्यो। यसैबेला बर्मा, भारतको भाग्सु, देहरादुन, आसाम, मणिपुर, पश्चिम बंगाल, उत्तर प्रदेश पश्चिमी भाग, सिक्किम, भूटान आदिबाट प्रबासी नेपालीहरूलाई सताइयो लखेटियो। उनीहरू नेपालमा फर्के। यी प्रवासीहरूलाई पनि यहाँ तत्कालै अन्य पेशामा लान नसकी जमिनमा खेती गर्ने कुरालाई नै सजिलो ठानी सरकारी जमिन अतिक्रमण गरी बस्न थाले।

भारतमा करोडौं मानिस फुटपाथमा सुत्ने अवस्थामा रहेका तर नेपालमा गरीब भए पनि वितरण व्यवस्था राम्रो भएकाले नेपालप्रति निम्नस्तरीय भारतीयको मोह बढ्यो। राहदानी प्रथा नभएको, सीमावर्ती क्षेत्रमा एउटै भाषा हुने तथा विहावारीले नाता गाँसिने कारणले विहार, प.बंगाल र उत्तर प्रदेशबाट समेत भारतीयहरू नेपालमा भित्रिए। नेपालको कुल जनसंख्याको २५ देखि ५५ प्रतिशत यसरी थपिएको अनुमान गरिएको छ।

विदेशी फौजमा भर्ना घटेको र भारतका विभिन्न ठाउँमा गई विभिन्न पेसाहरूबाट अर्थोपार्जन गरी आउने गरेकोमा पनि यस्ता पेशाहरूको अवधि र संख्या विभिन्न कारणले क्रमश: घट्दै गएको हुँदा यस्ता खालका व्यक्तिहरूको ध्यान पनि सरकारी जमिनहरू- पर्न गयो। नयाँ कामको खोजी भएन। फलत: जमिनको उपलब्धि नै जीविकोपार्जनको साधन बन्न पुगेको छ। जमिनप्रतिको बढ्दो मोहलाई अरू क्षेत्रमा जोड्ने खास पेसाहरू चाहिँदो मात्राका उपलब्ध हुन सकेका छैनन्। पहाडमा चीसो हावा र मीठो पानी बाहेक अरू आकर्षणका विषय पनि केही रहेनन्। यी पुगिसरी आउनेलाई मात्र काम लाग्ने कुरा भए।

अतिक्रमणमा मिचाहा प्रवृत्तिलाई प्रतिपक्ष भूमिगत राजनीति गर्नेको उक्सावट बढ्दै गएकोले अव्यवस्थित बसोबासको समस्याले अहिले उग्र रूप लिइसकेको छ। समस्या चर्कंदैं जानुका कारणहरू हुन् :

२०११ सालमा बाढी पीडितलाई बसोबास गराउने कार्य सरकारी स्तरमा सर्वप्रथम चितवन उपत्यकामा थालियो। २०१३।०१४ सालतिर जनकपुर अञ्चलको गौशाला, सागरनाथ र झापा जिल्लाको केही ठाउँका विर्ता जंगलमा बसोबास गराइयो। २०१८ सालतिर वन अतिक्रमण गरी बसोबास गरेकालाई सम्बन्धित क्षेत्रका कन्जरभेटरको एक सदस्यीय आयोगले बसेकै ठाउँमा बसाउने र नियमित गराउने अनियमित कार्य भयो। बस्तीलाई व्यवस्थित र एकीकृत रूपमा विकास गर्ने समेत आसयले २०२० सालमा नेपाल पुनर्वास कम्पनीको स्थापना भई २०२२ सालदेखि नवलपुर, बाँके, झापा, बर्दिया, कैलाली, कञ्चनपुरमा बसोबास गराउँदै गयो। व्यवस्थित रूपमा पुनर्वास गराउने ने.पु.कं.को क्षमताले वन अतिक्रमण गरेर बस्ने संख्यालाई नभ्याएकोले २०२४ सालदेखि समस्या समाधान गर्ने आसयले मात्र अव्यवस्थित बस्तीका रूपमै भए पनि पुनर्वास विभागले आफ्ना ७ वटा अञ्चल बसोबास कार्यालय मार्फत नापी गरी लालपुर्जा वितरण गर्ने काम गर्‍यो। सुनियोजित र व्यवस्थित काम यसले पनि गरेको पाइँदैन।

केही भूतपूर्व सैनिक र प्रहरीलाई सुकुम्बासीको रूपमा स्वीकारियो। यही स्वीकारोक्तिले गर्दा सैनिक र प्रहरी हुनासाथ आफूलाई जग्गा पाउने अधिकारी सोच्न थाले।

समस्या नबल्झँदै सम्बन्धित निकायबाट गम्भीरतापूर्वक सोच्न नसक्नु, अतिक्रमण हुनासाथ तत्कालै कारवाही गर्न असमर्थ हुनु र असम्भार भएपछि थामथुमको चारा खोज्नु, राजनैतिक र आर्थिक स्वार्थवश अधिकांश पञ्चहरूले यसलाई पेशा बनाउनु, यस्तो मौका पाई फटाहाहरूले कमाउने पेशाको रूपमा नेतृत्व दिनु, प्रवासी नेपालीलाई बढी सहानुभूति देखाई बसाउनु, पुनर्वास कम्पनी तथा विभाग जस्ता संगठित संस्था पनि हचुवा भई प्रभावपूर्ण नहुनु, हदबन्दी भन्दा बढी जग्गाको बिक्री वितरण भूमिहीन किसानलाई नहुनु, सरकारी कार्यालयहरूबाट काम गर्ने सबै स्तरका खास गरेर विशिष्ट तहका कर्मचारीहरूद्वारा जग्गाजमिन जोड्ने प्रवृत्ति बढ्नु, जिल्लाको स्थिति राम्ररी नबुझी अनुमानको आधारमा केन्द्रीय कार्यालयहरूबाट आदेशहरू जानु, आदेश निर्णय प्रभावहीन हुने गरी अति ढिलो पुग्नु, समस्याले गम्भीर रूप लिइसकेको समयमा पनि मन्त्रीहरूको विना सोचविचार रोक्ने र गर्ने परस्पर विरोधी हचुवा आदेश दिने हुँदा दोहोरो रूपमा वन नाश हुनु, भूमिसुधार लागू भएपछि जग्गाधनीहरूले मोहीहरू वा चरूवाहरूलाई हटाउन सरकारी



ऐलानी पर्ति वा वनजंगलभित्र उनीहरूलाई पठाई मोहीहरूलाई आफै धनी हुनेछौ भनी फकाइफुलाई अवैध रूपमा बसोबास बढाउनु, वन प्रशासन अन्तर्गतका कर्मचारीहरूलाई वनमा बस्नेबाट निजी आयस्रोत बनाउनु, बसोबास गराउँदा केवल आफ्नो स्वार्थलाई मात्र ध्यानमा राख्नु, अवैध बसोबास बारे सरकारसँग उपयुक्त तथ्याङ्क नहुनु आदि कारणले थोरै सुकुम्बासीले धेरै सुकुम्बासी जन्माउनु, साझा संस्थाबाट सुविधा नहुनु, ठालुहरूबाट ऋण प्राप्त गर्न नसक्नु र यस्तै साना-तिना अरू कैयौं कारणहरूले गर्दा एकाएक देशको भू-क्षेत्र अस्तव्यस्त हुन पुगेको छ। ठूलो राष्ट्रिय क्षति भएको छ। समस्या विकराल बनेको छ।

## ब्रम्हबीज पिताम्बवर पीठको अभियान



विश्व नै अशान्त बनिरहेका बेला ब्रम्हबीज पिताम्वरा पीठ काठमाडौले विश्व शान्तिको कामना गर्दै साधना र तपस्या बाट नै शान्ति सम्भव उल्लेख गर्दै अभियान सञ्चालन शुरू गरेको हो। ऐतिहासिक सम्पदा क्षेत्रका रूपमा रहेको पशुपति क्षेत्रलाई मध्यनजर गर्दै पीठ अभियानको शुभारम्भ गरिएको हो।

कार्यक्रममा काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन समितिका संयोजक एवं वडा नं ८ का वडा अध्यक्ष आशामान संगतले विश्व शान्तिका लागि पीठले आयोजना गरेको प्रवचन सहितको अभियानले बढ्दै गईरहेको आन्तरिक तथा वाह्य द्वन्द्वलाई न्यूनिकरण गर्न सहयोग पुग्ने बताउनु भयो।

कार्यक्रममा वडा नं. ११ का अध्यक्ष हिरालाल तण्डुकारले पछिल्लो समयमा नेपालीहरूले आफ्नो धार्मिक परम्परा, रीतिरिवाज तथा सभ्यता समेतलाई विर्षदै गएको चर्चा गर्नु हुँदै साधना र तपस्या धार्मिक दृष्टिकोण र बैज्ञानिक दृष्टिकोणबाट समेत निकै नै महत्वपूर्ण भएको धारणा राख्नु भएको थियो।

कार्यक्रममा धार्मिक अभियन्त अभिषेक जोशीले आफूले हरेक घरमा भागवत गीताको पुस्तक हुनु पर्ने अभियान सञ्चालन गरिरहेको बताउनु भयो।

# मई दिवसको ऐतिहासिक सन्देश



**सुरेशकुमार पाण्डे**

विश्वमै श्रमजीविहरूको अवस्था आज पनि दयनीय छ। मज्दुरहरूको काम मसिनले खोसेको अवस्था छ। विश्वमै टेक्नोलोजीको विकासले गर्दा श्रमजीवि वर्गहरू सडकमा आएको यो जटिल अबस्था हो। जसले रोजगार बिहिन समाजलाई विकृतीतर्फ धकेल्दै छ। समाजमा देह ब्यपार र लुटमार जस्ता अपराधहरूलाई जन्माइदिन्छ।

साम्राज्यवादले बम बारूद् लगायतका खतरनाक हतियारहरू बनाएर आआफ्नो अस्तित्व जोगाउन अन्य कम्जोर राष्ट्रहरूमाथि आक्रमण गर्दैआएको छ। ससाना र आर्थिक कम्जोर देशहरू विश्वमा आफ्नो रक्षा गर्न संघर्ष छन्।

नेपाल यस्तो देश भएको छ जसले विश्वका कयौं देशहरूमा आजपनि मजदुरहरू सप्लाई गर्दै आएकोले हाम्रो देश श्रमिक निर्यात गर्ने मध्यको विश्वमा एउटा देश बनेको छ। यो देशमा करिव ९५प्रतिशत कामसँग जोडिएका श्रमजीवि जनताहरू छन्। तर यिनै जनताहरू मध्यका धेरैजसोको विचारधारा भने निम्न पुँजिवादी छ। त्यसैको परिणाम राम्रो नराम्रो मुल्यांकन नगरि क्षणिक स्वार्थको लागि आपसमा फुट्न समय लाग्दैन। त्यसैले गर्दा बिभिन्न अवसरवादीहरू उपयोग गर्दै आएकाछन्।

श्रमजीविहरूको एकता बलियो हुन्थ्यो भने हाम्रो देशभित्र धेरै पहिल्यै कृषि क्रान्ति सफल भएको हुन्थ्यो। बिडम्वना आज पनि हाम्रो विवेकले त्यो दिशा समात्न सकेको छैन। जुन दिशाबाट हामी सबै श्रमजीवि जनताको फाइदा हुनसक्छ। आज संसारका श्रमजीविहरूले त्यो ऐतिहासिक देन जसले संसारमा उथलपुथल गर्यो। त्यो बलिदानबाट प्राप्त भएको हाम्रो अधिकार खोसिँदै छ।

हामी मध्य कयौंले आजपनि १२/१४घन्टा लगातार काम गर्न बाध्य भएका छौं। स्थानिय मजदुरको भन्दापनि प्रवाशी मजदुरहरूको संकट बढ्दै गएको हुन्छ र हाम्रो देशका श्रमजीवि जनता खास गरेर युवाहरू बिभिन्न देशहरूका लागि र उनिहरूका धनाढ्यहरूका लागि पसिना बगाउन बाध्य छौं। उनिहरूले हाम्रो ज्याला र हामप्ले गर्ने काम आफै तोकेका हुन्छन्। त्यसैले गर्दा स्थानिय मजदुरको भन्दा प्रवाशी मजदुरको अतिरिक्त समश्यहरू छन् त्यो प्रवाशी भएकै कारण अन्य मजदुरको भन्दा नेपालीहरूको बढी समस्या छन्।

प्रवाशमा तुच्छ भन्दा तुच्छ, जटिल भन्दा जटिल काम न्यूनतम ज्यालाम अधिक समयसम्म परिश्रम गर्नेहरू नेपाल मूलका नागरिक नै हौं। बोडरमा दुश्मनको गोलीको सिकार हुने र सुरूङ्गमा दबेर ज्यान् जाने नेपालीहरूनै पर्छौं। यस्तो जोखिम झेलेर पनि हाम्रो देशमा हामीले पठाएको धन सदुपयोग भएको देखिदैन। त्यो रेमिटेन्स सदुपयोग हुनसकेको हुँदैन।

विदेशी सामानहरू किनेर प्रयोग गर्दै आएकाले जुन देशबाट ल्यायको धन हो उही देशमा त्यो फिर्ता पुग्छ। त्यसकारण हामी सधैं उस्तै गरिब बनेर पुस्तौं पुस्ता विदेशीको दाश बन्दै आएका हुन्छौं। हामी किन विवेकहिन बनेका हुन्छौं ?

देशमा अनेक श्रोत साधनहरू छन् तर हाम्रो देशका साशक वर्गहरू विदेशीको दलाली गर्ने प्रवृतीले यो देशको विकास हुन नसकेको हो। विश्वका श्रमजीविहरू र हाम्रो देशका श्रमजीविहरूको समस्या एउटै हुँदा हुँदैपनि उनिहरूको र हाम्रो व्यवहारमा तार्किक अन्तर भेटिन्छ।

धेरैले आफ्नै देशभित्र पसिना बगाउने ठाउँ पाएका छन्। त्यसकारण उनिहरूको ज्याला उनिहरू आफैले तोक्छन् र कामको समय पनि उनिहरूको समूहले निर्धारित गर्छ। हामी आर्काको देशमा पुगेका श्रमजीविहरूको ज्याला र कामको समय र काम मालिक वा ठेकेदारले निर्धारित गर्छ। अरू देशका श्रमजीविहरूले कमाएको जम्मा हुन्छ तर हाम्रो निमेकपनि दुइ भागमा बिभाजित हुन्छ र त्यो जोगिदैन परिणाम हामी सधैंभरी गरिबी रेखाबाट माथि उठ्न सकेका छैनौं। अब फेरी उहि उन्नाईसौं शताब्दीको घटना फेरी पुनारावृती हुँने सम्भावना छ। जुनवेला अमेरिकाका मजदुरहरूले १८-२० घन्टासम्म काम गर्नुपर्थ्यो। त्यही अवस्था आज हामी तमाम् श्रमजीविहरूको छ।

मई दिवसका इतिहास-

सन् १८०६मा अमेरिकाको सरकारले फिलाडेल्फियाका हड्ताली मोचीहरूका नेताहरूमा साजिसको मुकदमा चलाए। तिनै मुकदमाहरूमा यो बिषय प्रष्ट भएको थियो। उनिहरू मजदुरहरूलाई १९/२० घन्टासम्म काम गराईन्थ्यो।१९वीं सदिको दोस्रो र तेस्रो दशक कामका घन्टाहरू कम गर्नका निमित्त गरिएको हड्तालहरूले भरिएका छन्। कयौं उद्योगहरूमा त कामको समय दश घन्टा गर्ने माग पनि उठ्यो।

"मैकेनिक्स युनियन आँफ फिलाडेल्फिया" दुनियाँको सबैभन्दा पहिलो ट्रेड युनियन मानिन्छ। जो १८२७मा फिलाडोल्फियामा कामको समय दश घन्टा निर्धारित गराउनकै लागि निर्माण उद्योगमा एउटा हड्ताल गराउने श्रेय जान्छ। सन् १८३४ न्यूर्याकमा नानवाँईयौंको हड्तालको द्वौरान "वर्किंगमेन्स' नामको अखबारले छापेको थियो-पावरोटी उद्योगमा लागेका कारिगर वर्षौं मिस्रका गुलाम भन्दापनि बढी यातना झेल्दै थिए। उनिहरूलाई १८ देखि २० घन्टासम्म त्यहाँ कजाइन्थ्यो।

यसरी श्रमजीविहरूमा पुँजिपतिहरू द्वारा लगातार अत्याचार गरिएको थियो र त्यही अत्यचारले गर्दा उनिहरूको बिरूद्धमा विद्रोहको ज्वाला दन्कियो। यद्यपि सन् १८३७ मा आएको सङ्कटले वाधा पनि पुराएको थियो। तर पनि दिन प्रतिदिन आन्दोलनको विकास हुँदै गयो। यही द्वौरान बाँन ब्यूरेनको संघिय सरकारले आफ्ना कर्मचारीहरूलाई कामको समय दश घन्टा घोषणा गर्नुपर्यो। त्यसको परिणाम अगाडीका दशकहरूमा दश घन्टाको कामको समयलाई लिएर संसारभरीका मजदुर तथा कर्मचारीहरूले आन्दोलन गर्न थाले। जस्तै-जस्तै केही उद्योगिक क्षेत्रमा दश घन्टाको समय लागुभयो उस्तै उनिहरूले अब आठ घन्टाको समय सिमा हुनुपर्ने माग राख्न थाले। कल कारखानाहरूमा मजदुरहरू माथि शोषण भएको थियो। त्यहाँ विद्रोह सुरू भयो। अमेरिकादेखि पृथ्वीको आर्को कुना अस्ट्रीलियामा निर्माण उद्योगका मजदुरहरूले यस्तो नारा दिएका थिए ***"आठ घन्टा काम,आठ घन्टा आराम र आठ घन्टा मनोरञ्जन।'***

अमेरिकामा सन् १८८४मा "कामका घन्टा आठ गरौं" आन्दोलनबाट सुरू भयो। "राष्ट्रिय श्रम संगठन"(नेश्नल लेवर युनियन)ले जुझारू संगठानिक केन्द्रको रूपमा विकशीत हुने आश जगाएको थियो।

गृहयुद्धको प्रथम वर्ष १८६१-६२ ले केही राष्ट्रिय ट्रेड युनियनहरू लोप हुँदै गए। अगाडिका केही वर्षहरूमा केही स्थानिय श्रमिक संगठनहरूको राष्ट्रिय स्तरमा एकिकरण पनि भयो। यिनि युनियनहरूलाई एउटा राष्ट्रिय संघको आवस्यकता देखियो। २०अगस्त सन् १८६६मा नेश्नल लेवर युनियन स्थापना गर्नेवाला तीन ट्रेड युनियनका प्रतिनिधि बाल्टीमोरमा मिले र राष्ट्रिय संगठनको निर्माणका लागि जुन आन्दोलन चलाएका थिए त्यसको नेतृत्व बिलियम एच सिल्बासले गरेका थिए। उनि पूनर्गठित "मोल्डर्स यूनियनको नेता थिए।' अमेरिकामा सन् १८८९ मै पहिलो मेंलाई त्यो दिनको रूप लिइयो जुन दिन दुनियाँभरीका मजदुर आ आफ्ना पार्टी र ट्रेड यूनियनको रूपमा संगठित हौ र आफ्नो सबैभन्दा महत्वपूर्ण माग राजनीतिक माग "आठ घन्टाको कार्य दिवस' को मागका लागि शङ्घर्ष गरून्। पेरिस कांग्रेसको यो महत्वपूर्ण निर्णय शिकागोमा पाँच वर्ष पहिले लिएको एउटा निर्णयबाट प्रभावित भएको थियो।

अमेरिकन फेडरेशन आँफ लेवर पार्टीले दिसम्बर १८८८ मा आफ्नो प्रटबुई सम्मेलनमा पहिलेनै यस्तो प्रदर्शनका लागि पहिलो में १८९०को दिन तय गरिसकेको थियो। त्यसैले यस दिनलाई अन्तरराष्ट्रिय प्रदर्शनका लागि स्वीकार गरिन्छ। यस दिन कार्यक्रमहरू आयोजना गरि १ मई अन्तरराष्ट्रिय मजदुर दिवसको रूपमा मनाउँदै आएकाछन्।

जसले ३ र ४ मईको "हे मार्किटमा भएको कांड, ३ मई मकैका कर्मिक रियर बर्कस्' मजदुरहरूको एउटा सभामा पुलिसको बरवरता र कायर्तापूर्वक गरिएको दमनमा ६ जना मजदुर मारिएका थिए। त्यो षड्यन्त्र सदियौं देखि बरकरार छ।

## चन्द्र ढकालमाथि अनुसन्धान



प्रभु बैंकमा ऋण अपचलन प्रकरणमा उद्योगी तथा आइएमई समूहका सर्वेसर्वा चन्द्र ढकालको नाममा समेत जोडिएकोमा सीआइबीले छानबिन थालेको छ। बैंकबाटै चुहिएको सूचनाअनुसार यस प्रकरणमा बैंकका पूर्व प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनसहित अन्य अधिकारीमाथि समेत अनुसन्धान भइरहेको छ।

सरकारी वकिल कार्यालयको निर्देशनपछि हाजिरी जमानीमा रिहा भएपछि छानबिन सेलाएजस्तो देखिएको थियो। चन्द्र ढकालको सम्बन्धमा चन्द्रागिरि हिल्स, यसका ३५ करोडमा खरिद गरेको जग्गामा अधिक मूल्यांकन २ अर्व २० करोड विभिन्न बैंकबाट ऋण लिएको खुलेको छ। समाचारअनुसार सहवित्तियकरणका नाममा सिटिजन, नेपाल इन्भेष्टमेन्ट, सानिमा, सनराइज बैंक, मेगा बैंक, प्रभु बेंकबाट भविष्यमा निर्माण हुने सम्पत्ति भनेर समेत ऋण लिएर अपचलन भएको छ। सीआइवीले सम्भाबित बैंकिङ कसूरबारे निर्णय लिन लागेको बुझिएको छ। प्रम बालेन साह ढकालको आर्थिक प्रभावमा लठ्ठिएलान् ?



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ वैशाख २२, May 5, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# इतिहास निर्माण गर्ने हो भने...

पूर्वराजा यतिबेला पोखरा भ्रमणमा हुनुहुन्छ । पोखराबासीले पूर्वराजा परिवारलाई भव्य स्वागत गरेका थिए । त्यसो त राजा ज्ञानेन्द्रको पोखरा लेकसाइडतिर भएको प्रभातकालीन भ्रमणको भिडियो पनि सामाजिक सञ्जालमा भाइरल भएको छ । निस्फिक्री र निर्धक्कसँग विहान पोखराको सडकमा हातेलठ्ठी टेकेर हिड्नु भएका राजा ज्ञानेन्द्रले आफ्नो विवाहको वार्षिकोत्सव पनि पारिवारिक रूपमा मनाउनु भएको खबर छ ।

यता राजा ज्ञानेन्द्रलाई पूर्व घोषणा गर्ने राजनीतिक दलहरू र तिनका नेताहरूमा डर, त्रास, छटपटाहट आदि बढ्दै गएको छ । खासगरी वामपन्थी दलसँग सम्बद्ध नेताहरू बढी त्रसित देखिएका छन् । अध्यादेशले रामचन्द्र पौडेल त्रसित बन्न पुगेका छन् । उनले संविधानविदहरूसँग छलफल गर्दा सरकारसँग मुठभेडमा नजान सुझाव दिएका छन् । प्रधानमन्त्री बालेन्द्र साहले अनियमितता गर्ने, भ्रष्टाचार गर्ने, शान्तिसुरक्षा खलबल्याउने, ठगी गर्ने, सरकारी जग्गा कब्जा गर्ने, तस्करी गर्नेहरूका विरूद्ध जुन अभियान चलाएका छन्, त्यसबाट सबैभन्दा त्रसित दल र तिनका नेताहरू देखापरेका छन् । भ्रष्ट नेताहरूसँग मिलोमतो गर्नेहरूको पनि सातो उडेको देखिन्छ । सरकारले गठन गरेको छानबिन आयोगका विपक्षमा सर्वोच्चमा मुद्दा हाले पनि त्यो असरदार बन्ने लक्ष्यण देखिदैन । उता दलसँग सम्बद्ध सुकुम्वासी संघले प्रम बालेन्द्र साहको पदच्यूत हुनुपर्ने माँगसहितको आन्दोलनको घोषणा समेत गर्न पुगेका छन् । त्यसै गरेर नेकपा भनिने पार्टीका नेता प्रचण्ड, माधव नेपालहरू त घिसारेर पछार्नेजस्ता असंसदीय भाषा बोल्न थालेको सुनिन्छ । संविधानविदहरूसँग तारनतार छलफल गरिरहेका राष्ट्रपति सरकारले पठाएका अध्यादेशहरू किस्ताकिस्तामा प्रमाणिकरण गरे र अन्तमा संवैधानिक परिषदसम्बन्धी अध्यादेश फिर्ता गरिदिए । यसबाट थाहा हुन्छ, राष्ट्रपति दबाबमा छन् । संविधानअनुसार राष्ट्रपतिले सरकारी विधेयकहरू प्रमाणिकरण नगरे पद धरापमा पर्नेमात्र होइन ।

उता सरकारले सरकारी जग्गा अतिक्रमण गरेर बसेका पार्टीका हुकुमवासीलाई धमाधम उठिबास गराइरहेको छ भने सुकुमवासीको बन्दोवस्त गर्ने भनिरहेको छ । सबैको धारणा छ, पहिले हुकुमवासी र सुकुमवासीको सूची तैयार गरेर, सक्कली सुकुमवासीलाई कहाँ, के कसरी पुनर्स्थापना व्यवस्था हो, तय गरेर डोजर चलाएको भए बालबृद्ध, सुत्केरी, कसैले आँसु झार्नुपर्ने थिएन टिप्पणी भइरहेका छन् ।

घरबहाल सम्बन्धी नियमसमेत ल्याएर व्यवस्थित गर्न तम्सिएको बालेन्द्र सरकारलाई एकातिर वाहवाही भइरहेको छ भने अर्कतिर पुराना, भ्रष्ट, लोभीपापी, राष्ट्रघातीहरू खुट्टा तान्दैछन् । खासगरी कांग्रेस, एमाले, नेकपाजस्ता पुराना दलहरू मजदूर, सुकुमवासी, विद्यार्थी, कर्मचारी उठाएर आन्दोलन गर्न खोजेता पनि त्यो सफल हुने देखिदैन । दलहरूलाई साथ दिन कोही पनि अग्रसर देखिदैनन् । अध्यादेशहरूबाट सुशासनका लागि ऐतिहासिक कार्य गर्नसक्ने लक्ष्यण प्रष्ट हुँदै गएको देखिन्छ । भ्रष्ट र दलीय स्वार्थीहरूको निद हराम हुनपुगेको छ ।

रास्वपा र बालेन्द्र सरकार नेपाली राजनीतिको इतिहास निर्माण गर्ने तैयारीमा जुटेको देखिन्छ । खासगरी बहुप्रतिक्षित संविधान संशोधन सर्वस्वीकार्य बनाउन सके असलमा सुशासन कायम गर्न र नेपालको लथालिङ् स्थिति सुधार्न सक्ने विश्लेषण हुनथालेको छ । संविधानको संशोधन दफा धारामा होइन, जनताको सुझावसहित जनताले अपनत्व लिनसक्ने र सबै राजनीतिक शक्तिहरू अटाउन सक्ने संशोधन हुनसके रास्वपा र बालेन्द्र सरकार ऐतिहासिक रूपमा सफल हुनसक्नेछ ।

३७ वर्षसम्म कांग्रेस, एमाले, माओवादी (हाल नेकपा)हरूले पाएका थिए । तिनीहरू नैतिकहीनताको दलदलमा हात्ती भासिएझैं भासिए र फागुन २१ को ताजा जनादेशअनुसार भुसुना बन्नपुगेका छन् । पार्टीहरूले पटक पटक सडक बिद्रोह गरे, आन्दोलन गरे, भ्रम छरेर स्वार्थको राजनीति गरे । यसपल्ट जनताले मौन बिद्रोह मार्फत डाँडा कटाइदिएका छन् । पहिलो मौका पाएको रास्वपा र बालेन्द्र साहले नेपालको राजनीतिक परिदृश्य नै फेर्ने प्रतिवद्धता र त्यही अनुसारको व्यवहार देखाउन थालेको छ । आफैबाट सम्पत्ति छानबिन गर्न लगाएर बालेन्द्र साह टिमले राजनीतिको परिभाषा नै फेर्ने सुरूआत विश्वभरि नै चर्चित बन्नपुगेको छ ।

संविधान संशोधनमा परम्परागत राजनीतिक शक्ति र ९४ प्रतिशत ॐकार परिवारलाई समेत यथास्थान दिएर संवाद, सहमति र सहकार्यको सुरूआत गर्न जरूरी छ । यसैमा स्थिरता, शान्ति, विकास र सुशासन अन्तर्निहित छ । पुराना दलहरूले निषेध, विभेद, प्रतिषोधलाई नीति बनाए र स्वार्थको पोखरीमा चुर्लुम्मै डुबे, जसका कारण असफल मात्र भएनन्, रक्षात्मक बन्नपुगेका छन् । बिगतबाट शिक्षा लिएर रास्वपा र बालेन्द्र साह अघि बढे असफल हुनेछैनन् । जेनजीका सपना साकार पार्न र नयाँ पुस्ता सक्षम छ भन्ने प्रमाणित गर्न सक्नेछन् । यो कुरा बुझे, हेक्का राखे रास्वपा र बालेन्द्रजस्ता पार्टी र युवालाई सफलता हासिल हुनेछ ।



# राष्ट्रको उत्थानको लागि कल्की अवतारको आशा

*नारायणप्रसाद मिश्र*
narayanshanti70@gmail.com

मनुष्यको लागि सबभन्दा महत्वपूर्ण र आवश्यक कुरा हो- शान्ति । जुन ठाउँमा शान्ति हुँदैन त्यो ठाउँ बस्न लायक हुँदैन । भला त्यो टोल, गाउँ, शहर, मुलुक होस् बा समाज या परिवार । मनुष्य बस्ने ठाउँमा मुख्यत: शान्ति पाउने बातावरण हुनुपर्दछ । शान्तिको लागि धेरै कुराको आवश्यक पर्ने कुरा हामी सबैलाई थाहा छ । गाँस, बास र कपास नहुनेको लागि सोही कुराको अभावले शान्ति हुँदैन । शिक्षा र औषधोपचार नपाउनेको लागि सोही कुराको कमीले अशान्ति हुन्छ । राम्रो शिक्षा दीक्षा र योग्यता प्राप्त गरेर पनि काम, रोजगार नपाउनेलाई सोही कुराले दु:ख दिन्छ । यस्ता थरीथरीका दु:ख र अशान्तिका कुराहरू कति छन्, कति ।

हाम्रो जस्तो अविकसित मुलुकमा जन्मेका बहुसंख्यक जनताको जीवनमा जन्मेदेखि मरणसम्म भोग्न पर्ने यी समस्याहरू हुन् । हामी मध्य धेरैले यस्ता समस्याहरूलाई जीवनको अभिन्न अङ्ग अर्थात जीवन पद्धतिकै रूपमा लिइसकेका छौं । यसैले यी कुराहरू राम्रै बेहोर्ने र सहने हाम्रो बानी परिसकेकोले यी कुराहरू हाम्रो अशान्तिका कारण उतिको परेको देखिन्दैन । यसैले हामी यस्ता असिमित समस्याको बिच पनि शान्तिमै बाचेका छौं । यस स्थितिमा पनि हाँसीखुशी वसेका हाम्रो हसिलो अनुहार देखी बिदेशीहरूले हामीलाई सुखी र शान्तिप्रिय जातिको रूपमा चित्रण गरेको देखिन्छ । हुनत हामी साँचिकै सहनशील र शान्तिप्रिय प्राणी नै हौं ।

कुरा यस्तो भएपनि धनी वा गरीब, शिक्षित बा आशिक्षित जुनसुकै प्रकारको मानवजातीले कुनै पनि समाजमा कमसेकम समानता, न्याय, विधि र कानूनी शासनको आशा र आकांक्षा राख्दछ । कुनैपनि मुलुकमा शान्तिसँग रहन कुनैपनि ब्यक्ति वा समूहको लागि यो नभई नहुने अनिवार्य तत्व हो । जहाँ यो कुरा हुँदैन, त्यो मुलुकमा मान्छे शान्तिसँग रहेका होलान् भन्ने कल्पना पनि गर्न सकिन्दैन । अन्याय, अत्याचार, भेदभाव, हेला, घृणा कुनै पनि मानव हृदयलाई सह्य हुँदैन । संविधान र कानूनमा जुनसुकै कुरा लेखिए पनि, जतिसुकै अनगिन्ति नागरिक अधिकार र नागरिक अधिकारका कुरा लेखिएता पनि व्यवहारमा यी कुराहरूमा अति कमजोर अवस्थामा हाम्रो मुलुक रहेको देखिन्छ । हाम्रो मुलुकमा व्यवहारमा समानता र न्याय हातीको देखाउने र चपाउने दाँत फरक भने जस्तै छ । ऐन, कानूनमा यथेष्ट कुराहरू छन् तर भोग गर्न र अनुभव गर्न साधारणत: पाइन्दैन । कुनै पनि हाम्रो सरकारी कार्यालयहरूमा कामका लागि आएका मानिसहरूको काम कसरी शिघ्र सम्पन्न गरी छिटो छरितो सेवा दिने होइन, बरू के कुन अत्तो थापी विघ्न वाधा तेर्स्याई झमेला सृजना गरी काममा आएका ग्राहकीबाट कामहेरी धेरै थोरै रकम असुल्ने प्रवृत्ति रहेको सर्व विदित छ । अर्थात मनोबृति र अभिप्राय नै काम कुन तरिकाले कसरी छिटो गरिदिने होइन, कुन अर्घेलो अघि सारी काम नगर्ने किसिमको अभिप्राय सर्वत्र ब्यापक छ । यो कुरा हाम्रो मुलुकमा संस्कार र संस्कृति जस्तै भइसकेको छ ।

यसको ज्वलन्त प्रमाण नागरिकता लिन राज्यसँग लडाँई गरी, बर्षौं बर्षौं सम्म मुद्दा मामिला झेली, अदालतको फैसला बमोजिम मुंद्दा जिती पनि कानून नियम बमोजिम पाउनुपर्ने नागरिकता वडा कार्यालय र अन्य सम्बन्धित निकायहरूको जालझेल, ढीलासुस्ती र उल्झनको कारण पाउन नसकेको पीडा खप्न नसकी बाबु र छोरीले ज्यान फालेको कुरा, प्राण छोडेको कुराको समाचार केही महिना अघि अगाडि आएको मेरो सम्झनामा छ । सुन्दैमा अति पिडादायी, दु:खदायी, हृदयबिदारक, मनछुने, दिल पोल्ने, बिश्व समझ हाम्रो मुलुककै लाजमर्दो बेथिति र कुशासनको यो डरलाग्दो चित्र हो । यसले समानता, न्याय र सुशासनको ठीक उल्टो मुलुकमा हाल विद्यमान कुशासन, वेथिति, भ्रष्टाचार, पहुँचवालाको राज, निसहायको दु:खपीडा, धनवालाको वल र शक्ति, राजनैतिक समूह र हुल्याहा जमातको मुलुकमा प्रभाव र हातमा शासनका मुलुकमा लुकिबसेका अनगिन्ति कथा, कहानीहरू उजागर गरेको छ । बिभिन्न कामकाजको सम्बन्धमा बिभिन्न अड्डा, कार्यालयहरू - नगरपालिकाको वडा, मालपोत, नापी, भूमिसुधार, जिल्ला प्रशासन, यातायात, ढलपानी, प्रहरी, विभाग, मन्त्रालय आदि आदि मैले, मेरा आफन्तले, मेरा दायाबायाँका छिमेकीहरूले, साथीभाइले, कार्यालयमा सँगै काम गर्ने कर्मचारीहरूले गत केही दशक यता भोगेका, देखेका, सुनेका यस्तै असहय कुराहरू मेरो मष्तिष्कमा गहिरो जरा हाली बसेका छन् । यसैले असह्यताले प्राण छोड्ने बाबु छोरीको पीडाको त्रासदायी चित्र मेरो मनमा छिन छिनमा आउँछ । म तर्सिन्छु ।

भुक्तभोगीहरूलाई राम्रै थाहा छ- हाम्रो मुलुकमा शासन प्रशासनको शक्ति प्राप्त ब्यक्ति, समुह वा दलसित पहुँच भएका र हुल्याहा जमातको बल र शक्तिसँग पहुँच रहेका जनताले बाहेक अरूले न्याय पाउने कुरा एक किसिमले असम्भव जस्तै भएको छ । कसैले न्याय पाउनु पर्ने काम कुरा, कुन कार्यालयको कुन साना बा ठूला कर्मचारी वा हाकिमले कुन कुराको अत्तो थापी कहाँ, कसरी कुन कुरामा अल्झाई दिन्छन्, थाहा हुँदैन । निसहायको लागि सहने वा मर्ने बाहेक अरू उपाय हुँदैन ।

### महिलामाथि नागरिकताको विभेद : राज्यले दिएन न्याय, बाबु-छोरीले दिए ज्यान

यो घटना राज्यको वर्षौं लामो अन्यायको शृंखलाले निम्त्याएको थियो । विपन्न र भुइँ तहका नागरिक न्याय खोज्दाखोज्दै कसरी जीवनदेखि नै हार मान्ने अवस्थामा पुग्छन् प्रतिनिधि दृष्टान्त पनि हो यो ।

मंसिर १९, २०८२ | रामप्रसाद चौहान



देशको शासन प्रशासनको परिस्थिति यस्तो भएपनि भोलि नभनी गर्न पर्ने यस्तो स्थिति सुधार गर्ने काममा कुनै पनि दलको सरकारको ध्यान नगएको मात्र होइन सोच्ने सम्म समय नभएको मैले महसूस गरेको छु । गत तीन दशक देखि मुलुकमा रहेका जुनसुकै प्रमुख दलको सम्पूर्ण ध्यान नियमित, अनियमित जे गरेर पनि सरकारमा पुग्ने, मोजमज्जा गर्ने र सरकार वाहिर रहेका दलको काम जसरी हुन्छ सरकार गिराई त्यो ठाउँमा आफू पुग्ने बाहेक निसहाय जनताको मुलुकमा के स्थिति छ ? त्यसमा ध्यान सम्म दिएको देखिन्दैन । यसैकारण नागरिकताको प्रमाण पत्र पाउन नसकी आत्महत्या गरेका बर्दियाका बाबु छोरीकै स्थितिमा आत्महत्या गरी प्राण छोडनु पर्ने स्थितिमा मुलुकका झण्डै झण्डै ७५ लाख सहकारी पीडित जनता न्यायको माग गरी रोई कराई हिडेका छन् । न्यायको माग गर्दा गर्दै दर्जनौ पीडितहरूले रकमको अभावले खाना औषधोपचार नपाई प्राण त्याग गरिसकेका छन् । यस कामका लागि कहिले काही बिना कामका सानातिना अड्डा अफिस स्थापना गरी आसेपासेलाई काम दिने बाहेक हालसम्म यसबाट कुनै ठोस काम नभएको स्पष्ट छ । न लेखेर, न वोलेर यहाँ केही भयो ? यस स्थितिमा हालै मुलुकमा उदय भएको रास्वपाको वर्तमान सरकार मुलुकको हरेक समस्यामा ध्यान दिई समाधानको उपाय गर्न दूत गतिले अग्रसर भएको त महसूस हुन्छ । यसले हालै ल्याएको सहकारी सम्बन्धी अध्यादेशले सम्बन्धित सबैमा ठूलो आशा त जगाएको छ । तर कार्यान्वयनले परिणाम दिन्छ वा दिदैन ? भविष्यले बताउला ।

मुलुकमा जताततै रहेको लथालिङ्ग, भताभुङग, वेथिति र अव्यवस्था आदि नियालेर बिचार गर्दा सानोतिनो प्रयासले यो मुलुक सही बाटोमा लाग्न सकने देखिन्दैन । मुलुकको समस्या समाधान गर्न र मुलुकमा सुशासन स्थापना गर्नको निमित बर्तमान सरकार इमान्दारिपूर्वक प्रभावकारी रूपमा अग्रसर भएको भएपनि मुलुकमा रहेका विरोधी हरूवा दलहरू जुनसुकै कुरामा पनि बिरोधै गरी बाधा, अड्चन पुर्‍याउने प्रयासमै मात्र लागेका देखिन्छन् । मुलुकमा रहेका प्रमुख राजनैतिक दल र तिनका प्रमुख नेताहरूले जेन जी आन्दोलनको भयङ्कर ठूलो बिद्रोहवाट ज्ञान लिई आफू सुध्रिनुको सट्टा जेनजी आन्दोलनकै खिसीट्युरी गरिरहेका देखिन्छन् । यिनीहरूको रावण र कंश प्रवृत्ति र घमण्ड देख्दा नेपालमा कलियुग शतप्रतिशतले चरम सीमामा पुगेको भान हुन्छ । यस स्थितिमा यो मुलुक अझै ठूलो झगडा र कलहमा फसी कुनै वेलाको हाम्रो सुन्दर, शान्त देश अझै कुन स्थितिमा जाने हो स्पष्ट छैन । अर्कोतिर बर्तमान सरकारको कमी कमजोरी, अल्प बुद्धि र अल्प अनुभवले गर्दा हाम्रो परराष्ट्र सम्बन्ध तल माथि पर्न गई कुनै मित्र राष्ट्रसँग हाम्रो ठेस् लाग्न गई यसले कुनै समस्या ल्याउने हो कि ? भन्ने चिन्ता पनि मुलुकमा देखापरेको छ । यो गुनासो गर्ने पो कहाँ ? यस स्थितिमा पापी अत्याचारीको नाश गरी सत्ययुगको स्थापना गर्ने भगवान नारायणको दशौं अवतार कल्की भगवानको जन्म र उदयले बाहेक हाम्रो मुलुक उभो लाग्ने आशा कमै देखिन्छ । यसैले भगवान्को जन्म र उदयको लागि म प्रार्थना गर्दछु । भगवान्ले सबैलाई सद्बुद्धि देऊन् । यस देशका पापी, अत्याचारीको छिटो सर्वनाश होस्, म दिलैदेखि पुकार्छु । मुलुकका निसहाय जनता कोही पनि बर्दियाको बाबु छोरी जस्तै मर्न नपरोस, प्रार्थना गर्दछु ।

## स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम गरौं हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमत स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं ।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

